सच्चा र स्वतन्त्र प्रेसको जगेर्ना गरौं ।     जि.प्र.का.प.द.नं  २५०/०६७/०६८, जि.हु.का.द.नं. १७७-२०७६/०७७

# त्रिनेत्र पोष्ट

त्रि-नेत्र पोष्ट साप्ताहिक

Treenetra post weekly     साप्ताहिक

वर्ष १४,     अंक ०२,     २०८१ साउन १४ गते सोमबार     29 July- 2024     पृष्ठ:- ६,     मूल्य:- १०/-



सामाचार पृष्ठ तेश्रो पेजमा ।

## पर्सा जिल्लाबाट प्रकाशित हुने मधेश तेस्रो आँखा दैनिकको तेस्रो वार्षिकोत्सव कार्यक्रम सम्पन्न




***वीरगञ्ज ।*** वीरगञ्जबाट प्रकाशित मधेश तेस्रो आँखा दैनिक पत्रिका चौथो वर्षमा प्रवेश गरेको छ । पत्रिकाका प्रबन्ध निर्देशक मुनेश कुमार लायो मगरको अध्यक्षतामा शनिवार एक कार्यक्रमका बीच तेस्रो वार्षिकोत्सव मनाइएको छ ।

वीरगञ्जस्थित क्लासिक बैक्वैटमा आयोजित वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै पर्साको जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादवले सत्य, तथ्य र निष्पक्ष पत्रकारिता हराउँदै गएकोप्रति चिन्ता व्यक्त गरे । पछिल्लो समय स्वार्थका लागि र आफ्नो मान्छेको बढाउने र विपक्षीलाई पेल्ने तरिकारले पत्रकारिता भइरहेको भन्दै सचिचएर आम नागरिकलाई सही सूचनाको सम्प्रेषण गर्न आग्रह गरे ।

पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले पत्रकारले मर्यादित र व्यवसायिक पत्रकारिता गर्नुपर्नेमा जोड दिए । भएनभएका विषयमा जथाभावि रुपमा मन लाग्दो समाचार लेखेर पत्रकारहरुले आफ्नै सम्मान घटाइरहेको उनको टिप्पणी छ । सही र सत्य खबर सँगै सूचनालाई पुष्ठि गरेर मात्रै दर्शक, पाठकसमक्ष पु-याउन उनले आग्रह गरे ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य केसी लामिछाने, महासंघका मधेश प्रदेशका महासचिव श्याम बन्जारा, प्रेस सेन्टरका केन्द्रिय सदस्य जगत राई, बाणका मधेश प्रदेश अध्यक्ष आशिक अन्सारी, नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष युवराज खड्का, राष्ट्रिय सौन्दर्यकर्मी युनियन मधेश प्रदेश अध्यक्ष ओमकुमारी शर्मा, प्रेस सेन्टर पर्साका अध्यक्ष दिपक गौतम, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

पत्रिकाका प्रधान सम्पादक गणेश ठकुरीले स्वागत मन्तव्य राख्दै विभिन्न आरोहअवरोह पार गरेर तीन वर्षदेखि निरन्तर प्रकाशित भइरहेको बताए । छापा माध्यममा आउने चुनौतीलाई चिर्दै जनताका समस्यालाई प्राथमिकताका साथ स्थान दिँदै आएको उनले बताए । सोही अवसरमा पत्रिकामा कार्यरत कर्मचारीलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

## ब्रिटानीया नेपालद्वारा परवानीपुरको विद्यालयमा शौचालय र कोठा रंगरोगन

***वीरगंज ।*** वीरगंजको परवानीपुरस्थित ब्रिटानीय नेपालले शौचालय निर्माण गरेको छ । ब्रिटानीया नेपालले वीरगञ्ज महानगरपालिका वडा नम्बर २१ परवानीपुरस्थित श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालयमा दुई वटा शौचालय निर्माण गरिदिएको हो ।

सामाजिक उत्तरदायित्व बहन गर्दै ब्रिटानीया नेपालले शौचालयसँगै विद्यालयका २ वटा कोठाको पनि मर्मत तथा रंगरोगन गरिदिएको छ । वडाअध्यक्ष राधाकृष्ण रौनियारको पहलमा ब्रिटानीयाले विद्यालयमा कोठा मर्मत तथा शौचालय निर्माण गरेको विद्यालयका प्रधानाध्यापक रामेश्वर साहले जानकारी दिए । प्रधानाध्यापक साहकाअनुसार शौचालय नहुँदा यसअघि समस्या हुने गरेको थियो । कोठाको मर्मत तथा रंगरोगनले विद्यालयलाई ठूलो सहयोग पुगेको प्रधानाध्यापक साहको भनाई छ ।


वडाअध्यक्ष रौनियारले पनि विद्यालयलाई गरेको सहयोगको लागि ब्रिटानीया नेपाललाई आभार प्रकट गरे । ब्रिटानीयाले उत्पादन र बजारीकरणसँगै सामाजिक कार्यमा गरेको सहयोगको वडाअध्यक्ष रौनियारले सह्राना गरेका छन् ।



ब्रिटानीय नेपालका महाप्रबन्धक सन्दिप वंशलले आगामी दिनमा पनि अन्य आवश्यक सहयोग गर्ने दृढता व्यक्त गरे । विद्यालय ज्ञानको मन्दिर भएको बताउँदै उनले विद्यालयलाई सहयोग गर्ने अवसर पाएकोमा खुशी व्यक्त गरे ।

वडाअध्यक्ष रौनियारको प्रमुख आतिथ्यतामा ब्रिटानीया नेपालका महाप्रबन्धक सन्दिप वंशल, एचआर म्यानेजर बिनोद साह, प्रधानाध्यापक रामेश्वर साह लगायत अभिभावक एवम् स्थानीयको उपस्थितीमा एक कार्यक्रमका बीच शौचालय र कोठाको उद्घाटन गरिएको स्थानीय समिर आलमले जानकारी दिए ।

## श्रीसिंया नदिमा प्रदुषित पानी मिसाउने उद्योगको गेटमा वीमनपाद्धारा फोहोर थुपार्दै



***वीरगंज ।*** वीरगंज महानगरपालिकाले सिरीसिया नदीमा लेडोसहितको फोहर पानी निकास गरेर नदीलाई अत्यधिक प्रदूषित बनाउने तीन उद्योगहरूमाथि कडा कारवाही गरेको छ । अरनीको टेक्सटाइल, सिद्धि टेक्सटाइल, र मरियम लेदरजस्ता उद्योगहरूले वातावरणीय मापदण्डहरूको उल्लंघन गर्दै नदीमा सीधा फोहर पानी निकास गरेपछि महानगरपालिकाले कडा कदम उठाएको हो ।

सिरीसिया नदीमा लेडोसहितको फोहर पानी प्रवाहले नदीको पानी अत्यन्तै दूषित भई त्यसको पारिस्थितिकी प्रणालीमा गम्भीर असर परेको देखिएको छ । यसरी उद्योगहरूले नगरको वातावरण र नागरिकको स्वास्थ्यलाई ठूलो जोखिममा राखेको भन्दै वीरगञ्ज महानगरपालिकाले उद्योगहरूको गेटमा फोहोर थुपारीदिने कठोर कारवाही गरेको छ ।

महानगरपालिकाका अधिकारीहरूले जनाएअनुसार, यो कारवाही उद्योगहरूलाई वातावरणीय मापदण्डहरूको पालना गर्न प्रेरित गर्ने र भविष्यमामा यस्ता क्रियाकलापहरू पुनः नदोहोरिनका लागि चेतावनीको रूपमा लिइएको छ । यस कारवाहीले वीरगञ्ज महानगरपालिकाको वातावरणीय सुधार र नागरिक स्वास्थ्यप्रति प्रतिवद्धता पुनः स्थापित गरेको छ ।

अरनीको टेक्सटाइल, सिद्धि टेक्सटाइल, र मरियम लेदरजस्ता उद्योगहरूलाई यस घटना पछि आफ्नो फोहर व्यवस्थापन प्रणालीलाई सुधार गर्न निर्देशन दिइएको छ । यदी तिनीहरूले उचित मापदण्डहरूको पालना नगरेमा थप कडा कानुनी कारवाही गर्ने चेतावनी पनि महानगरपालिकाले दिएको छ ।

सिरीसिया नदी प्रदूषण प्रकरणले स्थानिय नागरिकहरूमा पनि ठूलो असन्तोष फैलाएको छ । तिनीहरूले

बाँकी ५ पृष्ठमा

## सरकारलाई विश्वप्रकाशका तीन प्रश्न

***काठमाडौं, १३ साउन ।***

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले ७० वर्षको इतिहासमा नेपालमा एउटै सरकार पाँच वर्ष किन चल्न सकेन भनेर सबै राजनीतिक दलले समीक्षा गर्नुपर्ने बताएका छन् । यसबारे नेपाली कांग्रेस र नेकपा एमालेले नै बढ्ता मनन् गर्नुपर्ने उनको मत छ ।

'हामी जो पनि जो सँग पनि चाँडै नै मिल्न सक्छौं । तर, कसैसँग पनि लामो समय टिक्न सक्दैनौं किन ?' यो प्रश्नको जवाफ सबै दलहरूले खोज्नुपर्ने शर्माको जोड छ ।

हाल प्रतिनिधि सभाको ठूलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा एमालेको संयुक्त सरकार छ । दोस्रो दलका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् ।

असार १७ गते मध्यराति दुई दलबीच भएको सातबुँदे सहमतिअनुसार असार ३० गते ओली प्रधानमन्त्री बनेका हुन् । ओलीले प्रतिनिधि सभाबाट विश्वासको मत लिइसकेका छन् । संघीय सरकारमा बनेको सत्तासमीकरण अनुसार प्रदेश सरकार पनि बदलिएका छन् ।




तर, सरकारमा पुगेपछि दलहरूले विगतबाट पाठ नसिक्ने गरेको उनले बताए । सिकेर पनि गल्ती दोहो-याउनेतिर लाग्दा समीकरणमा समस्या हुने गरेको महामन्त्री शर्माले बताए । यही कारण विगतमा दलहरूका बीचमा सत्ता सहकार्य लामो समय नटिकेको हो कि भन्ने उनको बुझाइ छ ।

कांग्रेसका महामन्त्री शर्माले संघीय मन्त्रिपरिषद् र प्रदेश मन्त्रिपरिषदमा रहेका कतिपय पात्रका सन्दर्भमा प्रश्न उठाए । स्वार्थ बाझिने व्यक्तिलाई मन्त्री बनाएर सरकारले ठीक नगरेको उनको टिप्पणी छ ।

'संघमा मन्त्री चयन गर्दै गर्दा एक जना मन्त्रीजीको फरक मन्त्रालय हुन सक्दथ्यो । हामीले हेक्का राखेनौं । कन्फ्लिक्ट अफ इन्ट्रेस्टको प्रश्न स्वाभाविक रुपमा उठेको छ' महामन्त्री

बाँकी ५ पृष्ठमा

**त्रिनेत्र पोष्ट साप्ताहिकको लागि**

**प्रकाशक**
मुनेश कुमार लायो मगर

**सम्पादक :**
गणेश बहादुर ठकुरी

**सह-सम्पादक**
गोबिन्द महतो

**कानूनी सल्लाहकार :**
विशाल चौधरी

**सम्पर्क :**
९८४५४९५२४१
राधेमाई-१३, वीरगंज, पर्सा
Email- treenetrapost@gmail.com

# थप संकटको कारण बन्न सक्छ कांग्रेस-एमाले गठजोड

नेपालको राजनीति जहिल्यै अस्थिर र अनिश्चित छ। कुन समय दलहरूले रातविरात के सहमति गर्छन् र त्यसको भारी के बोक्नुपर्छ भन्ने कुरा पार्टीका नेता कार्यकर्ता त परको कुरा भयो, पदाधिकारी या मध्यम तहका सांसदहरूलाई समेत थाहा पत्तो हुँदैन। हिजोसम्म जसलाई गाली गरेर युट्युबमा हिट भयो, भोलिपल्टै त्यसलाई सत्ता सुम्पेको बधाई दिन पुग्नुपर्छ।

केही हप्ता अगाडि कांग्रेसका बोलक्कड महामन्त्री मानिने विश्वप्रकाश शर्माले सरकारलाई प्रश्न गर्ने समयमा राष्ट्रिय स्वतन्त्र पार्टी -रास्वपा) र नेकपा एमाले बीचको गठबन्धनको आलोचना गर्दै ती दुई दल मिलेर एकअर्काको गलत काममा सहायता गरेको भन्दै 'सहकारी बन्धु गठबन्धन' नाम दिएका थिए। यो बोलेको क्लिप अहिले पनि डिजिटल मिडियामा रेकर्डेड छ। तर अरूलाई 'सहकारी बन्धु' घोषणा गरेको हप्ता दिन नपुग्दै, उनकै दलले गिरिबन्धुमा प्रश्न उठाएको दल र त्यस सम्बद्ध केपी शर्मा ओलीलाई विश्वासको मत दिएर सत्ता साझेदार गर्नुपर्ने ठाउँमा पुग्यो।

केही दिन अगाडि अर्का महामन्त्री गगन थापाले आफ्नो पार्टी ०८४ सम्म प्रतिपक्षमा बस्ने भन्ने सार्वजनिक उद्घोष गरेका थिए। भावी सभापतिको दाबेदार रहेका थापाले ४/५ दिन पछि आफ्नो पार्टी प्रतिपक्षबाट सीधै सत्तापक्षमा जान्छ भन्ने जान्दाजान्दै जनतालाई गलत कुरा सम्प्रेषण गरे या उनको पार्टीले सत्तामा आउन गरेको पहलबारे उनी जानकार थिएनन्, यो उनलाई नै थाहा हुने कुरा भयो।

गगन थापाले संसद्मा रास्वपालाई स्वार्थको द्वन्द्वको विषयमा प्रश्न उठाएका थिए, अब आफ्नै दलका सांसदलाई स्वार्थको द्वन्द्व प्रस्टै देखिने गरी ऊर्जा मन्त्रीको जिम्मेवारी दिएका छन्। अब उनलाई अन्य दलहरूले प्रश्न उठाउँदा त्यसको रक्षा गर्नुपर्नेछ। यसले नेपाली राजनीतिको अस्थिरता र निराशा झल्काउँछ। हिजो सहकारी ठगी गर्ने र गिरिबन्धु बीचको गठबन्धन भन्नेहरू आज सँगै हुँदा विश्वप्रकाश शर्माको मुखबाट आफ्नै गृहमन्त्रीलाई प्रश्न सोध्ने हैसियत हुन्छ कि उनी चुपचाप बस्छन्?

विशेषत: पछिल्लो समयमा नेपाली कांग्रेस र नेकपा एमाले बीचको गठबन्धनले जनमानसमा अनेक प्रश्नहरू उठाएको छ। दुई भिन्न इतिहास र वैचारिक धरातल भएका पार्टीहरू अहिले पनि विद्यालय व्यवस्थापन समितिदेखि वडा, जिल्ला या प्रदेशमा जुन मुख्य प्रतिस्पर्धी दलहरू छन्। अचानक तिनीहरूको मिलन हुँदा अचम्म लाग्नु स्वाभाविक हो।

यस लेखमा हामी यो गठबन्धनले लोकतन्त्र, प्रतिपक्षको भूमिका र नीतिनिर्माणमा कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा चर्चा गर्नेछौं। यो दलीय सौदाबाजीको प्रभाव केवल तत्काल सरकारको लागि मात्र नभई समग्र लोकतान्त्रिक प्रणालीको लागि पनि गम्भीर चुनौती हुन सक्छ।

विभिन्न राष्ट्रिय सङ्कट तथा एउटा देशमाथि अर्को शक्तिशाली देशले आक्रमण गरेको समयमा सबै मिलेर चुनौती सामना गर्नुपर्ने समयमा वार क्याबिनेट बन्ने तथा त्यसले काम गर्ने कुरा स्वाभाविक हो। तर सामान्य अवस्थामा मुख्य प्रतिस्पर्धी मानिने दलहरू मिलेर गरिने राजनीतिक सौदाबाजीले तत्काललाई फाइदा गरेजस्तो देखिए पनि दीर्घकालको लागि राम्रो नजिर स्थापित गर्दैन। समाजमा आउने विभिन्न एजेन्डादेखि सरकारले लिने नीतिका बारेमा स्वस्थ बहस गर्नुपर्ने भिन्न-भिन्न राजनीतिक शक्ति केही स्वार्थको लागि मिलेर सरकार चलाउँछौं भन्दा त्यसले स्वस्थ लोकतन्त्रमा अप्ठ्यारो पैदा गर्न सक्छ।

यो गठबन्धनले अल्पकालीन स्थिरता ल्याउने वाचा गरे तापनि यसले दीर्घकालीन अस्थिरता र जनतामा निराशा उत्पन्न गर्न सक्ने खतरा छ।

***अन्तर्राष्ट्रिय अनुभव***

विभिन्न देशहरूको उदाहरण हेर्दा, यस्ता अस्वाभाविक गठबन्धनहरूले दीर्घकालीन राजनीतिक अस्थिरता निम्त्याएको पाइन्छ। जर्मनीमा २०१३-२०१७ बीच क्रिश्चियन डेमोक्र्याटिक युनियन र सोसियल डेमोक्र्याटिक पार्टी बीच गठबन्धन बनेको थियो। उक्त गठबन्धनले कमजोर प्रतिपक्ष र मतदातामा निराशा निम्त्याउने बाहेक केही गर्न सकेन।

यस्तै उदाहरण इटालीमा २०१३ मा डेमोक्र्याटिक पार्टी र पिपुल अफ फ्रिडम बीचको गठबन्धन बन्यो, तर त्यसले तारन्तारको सरकारको काममाथि अवरोध तथा पार्टीहरूमा आन्तरिक विवादहरू ल्यायो, जसले दीर्घकालीन हिसाबले राजनीतिक सुसंगति बनाउन सकेन।

यी दलहरूले स्थिरता दिने र त्यसले आर्थिक विकासको गति दिने दाबी गरे तापनि यो गठबन्धन निर्माण हुँदै गर्दा कतिपय बिचौलियाहरूलाई यसअघि सरकारले पक्राउ गर्न खोजेकाले नयाँ गठबन्धन बनेको चर्चा छ। यस्तो धरातलमा बनेको सरकारले जनताबाट आर्थिक विकासको एजेन्डाको विश्वासका साथ नेतृत्व गर्न सक्दैन

यस्तै ग्रिसमा २०१२ मा न्यु डेमोक्रेसी र पासोक बीच गठबन्धन बनेको थियो। हुनत आर्थिक सङ्कट गहिरो भएको समयमा राष्ट्रिय सहमति बनाउने उद्देश्य भन्दै उक्त गठबन्धन गरिएको थियो, तर त्यसले त्यहाँ अर्को अतिवादको उदय गरायो।

अस्ट्रियामा २०१७-२०१९ बीच अष्ट्रियन पिपुल्स पार्टी र फ्रिडम पार्टी अफ अस्ट्रिया बीच भएको गठबन्धनले राजनीतिक ध्रुवीकरण मात्र निम्त्याएन, अचम्म लाग्ने नयाँ-नयाँ स्क्यान्डलहरू निम्त्यायो। बेल्जियममा २०१०-२०११ बीच न्यु फ्लेमिश एलाइन्स र सोसियलिस्ट पार्टी बीचको गठबन्धनले क्षेत्रीय तनावलाई बढाउने काम तीव्र रूपमा अगाडि बढायो।

यी सबै उदाहरणहरू सामान्य समयमा मुख्य ठूला दलहरू बीच गठबन्धन गर्दा त्यसले निम्त्याउने सम्भावित लक्षणहरूको राम्रो उदाहरण हुन्। यस्ता गठबन्धन निर्माण गर्दा तत्कालको केही कृत्रिम समस्याहरू या सङ्कटहरू खडा गरिएको हुन्छ। त्यस्तो गठबन्धनले केही फाइदाजनक पक्षहरू देखाएर पुष्टि गर्न खोजिएको छ। अल्पकालीन स्थिरता ल्याउन गठबन्धनले मद्दत पुऱ्याएको दाबी गरिएको भए पनि यसले प्रतिपक्षको भूमिकालाई कमजोर बनाएको छ, जसले सरकारलाई 'चेक एन्ड ब्यालेन्स' गर्न कठिन बनाएको छ।

***कमजोर प्रतिपक्षले निम्त्याउने संकट***

बहुदलीय लोकतन्त्र फैलने भनेको फरक-फरक विचार र तिनलाई प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिबीचको बहस र प्रतिस्पर्धाले लोकतन्त्रलाई बलियो बनाउनु हो। तर, अहिले देखिएको अप्राकृतिक गठबन्धनले दलहरू बीचको वैचारिक भिन्नतालाई कमजोर बनाउँदै गएको छ।

जनताले राजनीतिक प्रक्रियामा सहभागिता र आफ्नो मतको महत्वलाई महत्त्व दिन्छन्। तर, दुई ठूला दलहरू बीचको सौदाबाजीले जनताको विश्वासमा कमी ल्याउन सक्छ, जसले लोकतन्त्रको आधारभूत मर्मलाई हानि पुऱ्याउँछ। दुई फरक विचारधाराका दलहरू बीचको सहमति कायम राख्न कठिनाइ हुन सक्छ।

यसले नीतिगत निर्णयहरूमा ढिलाइ ल्याउन सक्छ र सरकारको कार्यक्षमता प्रभावित हुन सक्छ। फरक विचारधाराहरूको मेलमिलापमा नीतिगत मुद्दाहरूमा सहमति कायम राख्न कठिन हुन्छ। यसले नीति निर्माण प्रक्रियामा अवरोध उत्पन्न गर्न सक्छ र सरकारका कामहरूमा ढिलाइ ल्याउँछ। यसका साथै, फरक-फरक दृष्टिकोणका कारण निर्णय प्रक्रियामा विवादहरू उत्पन्न हुने सम्भावना रहन्छ, जसले सरकारको प्रभावकारिता र कार्यक्षमतामा प्रतिकूल असर पार्न सक्छ।

विभिन्न लोकतान्त्रिक देशहरूको लामो अनुभव हेर्ने हो भने, कम्तीमा ३० देखि ४०-४५ प्रतिशत लोकप्रिय मत ल्याएको दलले सत्ता सम्हाल्दा, प्रतिपक्षी भूमिका पनि उस्तै हाराहारीको दलले सम्हाल्नुपर्छ। कम्तीमा ३० प्रतिशत हाराहारी लोकप्रिय मत ल्याएको दलले प्रतिपक्षको आवाज उठाउँदा, त्यसले सही तरिकाले प्रतिपक्ष आवाजलाई अगाडि लैजान्छ भन्ने विश्वास गरिन्छ।

तर, हाम्रोमा अहिले दुई मुख्य दलहरू सत्ता साझेदार बनेका छन् जसको परिणामस्वरूप लगभग ११ प्रतिशत पपुलर मत ल्याएको दललाई प्रमुख प्रतिपक्षीको भूमिकामा पुऱ्याएको छ। आफैं अरू गठबन्धनको भर परेर त्यतिको मत आर्जन गरेको दल प्रमुख प्रतिपक्ष दलको रूपमा प्रतिपक्षको कुर्सीमा बस्दा, त्यसले जनताको आवाजलाई सही तरिकाले प्रभावित गर्न सक्दैन, जुन सक्षम लोकतन्त्रको लागि हानिकारक कुरा हो। यस्तो कमजोर प्रतिपक्ष र अत्यधिक बलियो सरकारको उदाहरणले सरकारको क्रिटिकल आवाजलाई बन्द गर्न सक्छ, जसले लोकतन्त्रलाई सङ्कटमा पार्न सक्छ।

संसद्का प्रमुख दुई दलहरूको गठबन्धन बृहत्तर संवैधानिक र लोकतान्त्रिक हित र सुधार केन्द्रित छैन। यो त तत्कालको सत्ता स्वार्थ र प्रतिशोध केन्द्रित राजनीतिको नतिजा हो

राजनीतिक स्थिरताको दृष्टिकोणले केही सकारात्मक रूपमा हेरिए पनि, यो गठबन्धनले लोकतन्त्रको मर्ममाथि प्रहार गर्ने विभिन्न सम्भावना देखाएको छ। केही वर्षअघि, जुन पात्रले आफ्नै दल नेकपाको सरकारको दुई तिहाइ बहुमत हुँदा पार्टीको आन्तरिक व्यवस्थापन गर्न नसकी असंवैधानिक तवरले संसद् विघटन गरेका थिए, तिनै पात्रलाई बोकेर संसद्को सबैभन्दा ठूलो दल कांग्रेसले गर्व बोध गर्नु क्षणिक आत्मरति मात्रै हो। यसले यी दुई दलका मतदाताहरूलाई यी दल बीचको भिन्नता छ भन्ने भ्रमलाई तोडिदिन्छ।

साथै, यसले विशेषगरी प्रतिपक्षलाई कमजोर बनाउँछ, जब दुई ठूला दलहरू सत्ताको सौदाबाजीमा जुट्छन्, प्रतिपक्षको प्रभाव कम हुन्छ। यसले सरकारलाई गलत निर्णय लिनबाट रोक्न र चेक एन्ड ब्यालेन्स कायम राख्न कठिनाइ ल्याउँछ। प्रतिपक्षको कमजोर भूमिकाले सरकारलाई उत्तरदायी बनाउन र जनताको आवाजलाई सशक्त रूपमा प्रस्तुत हुनबाट रोक्छ।

***संविधान संशोधनको जिकिर***

दुई दलहरू बीच सहमति हुँदा संविधान संशोधन गर्ने चर्चा भइरहेको छ। तथापि, अहिलेको अस्थिरताको दावा गरेर यी दलहरूले संविधान संशोधन गर्ने तर्क गरिरहेका छन्, तर यो काम यिनै दलहरूबाट सम्भव छैन। कार्यपालिकाको अस्थिरताको कारण पूर्ण बहुमत नआउने कुरा गरिएको छ, तर प्रत्यक्ष निर्वाचित कार्यकारीमा यी दुवै दलहरू जान तयार छैनन्।

प्रदेशको अस्थिरताको बीजारोपण पनि यिनै दलहरूबाट भएको हो। एकै समयमा संघ र प्रदेशको चुनाव गर्ने र संघमा सत्ता समीकरण बदलिंदा प्रदेशमा पनि त्यसको प्रत्यक्ष असर पर्दा जनताले प्रदेश भनेको छुट्टै राजनीतिक इकाइको रूपमा महसुस नै गर्न सकिरहेका छैनन्।

जब माथि गठबन्धन फेरिन्छ, प्रदेशमा पनि गठबन्धन फेर्ने गलत अभ्यासलाई यिनै दलहरूले मलजल गरिरहेका छन्। कम्तीमा प्रदेश स्थिरताको लागि मुख्यमन्त्री सीधै जनताबाट निर्वाचित हुनुपर्ने व्यवस्था गर्नुपर्छ, तर अहिलेसम्म यी दलहरू यसको पक्षमा छैनन्। तसर्थ, अहिले यी दलहरूले अस्थिरता अन्त्य गर्ने संविधान संशोधनको तर्क गरे पनि, त्यो काम यिनै दलहरूबाट सम्भव हुँदैन। संविधान संशोधनको नारा तत्कालको अराजनीतिक जस्तो देखिने सत्ता साझेदारीलाई छोप्ने अस्थायी पर्दा मात्रै हो भन्न सकिन्छ। व्यावहारिक रूपमा यो आरोपको खण्डन गर्न सके पनि पंक्तिकारद्वय खुसी नै हुनेछन्।

कार्यपालिका र प्रदेशको दुवै अस्थिरताको दीर्घकालीन समाधान आवश्यक छ। कार्यकारी पदका लागि प्रत्यक्ष निर्वाचन र प्रदेशका मुख्यमन्त्रीहरूलाई पनि प्रत्यक्ष निर्वाचनबाट चयन गर्नुपर्ने विषयहरू यी दुवै दलको संविधान बनाउने बेलाको अनिच्छाले सम्भव भएको हो।

त्यसैगरी, दुई दलहरूको सहमतिले मात्र संविधान संशोधनको दाबीलाई विश्वसनीय बनाउँदैन। संविधान संशोधनको प्रक्रियामा जनता र अन्य विभिन्न राजनीतिक पक्षहरूको व्यापक सहभागिता आवश्यक हुन्छ। कुनै पनि संशोधनले लोकतान्त्रिक मूल्यमान्यतालाई थप मजबुत बनाउनुपर्छ, न कि केवल अस्थिरतालाई टालटुल गर्ने। अहिलेको अवस्थामा, यी दलहरूको संशोधनको तर्क केवल बाहिरी आवरण मात्रै हो, जसले दीर्घकालीन समाधानतर्फ संकेत गर्दैन।

***आर्थिक विकासको प्रश्न***

यी दलहरूले स्थिरता दिने र त्यसले आर्थिक विकासको गति दिने दाबी गरे तापनि यो गठबन्धन निर्माण हुँदै गर्दा कतिपय बिचौलियाहरूलाई

बाँकी ५ पृष्ठमा

# सीमलताल दुर्घटना : त्रिशूलीमा हराएका बस नभेटिएपछि फर्कियो भारतीय टोली

***काठमाडौं।*** सीमलताल पहिरोमा परी त्रिशूलीमा बेपत्ता बस नभेटिएपछि भारतीय टोली आइतबार फर्किएको छ। असार २८ गतेदेखि त्रिशूलीमा बेपत्ता २ वटा यात्रुबाहक बस खोज्न साउन ४ गते १२ जनाको भारतीय टोली नेपाल आएको थियो।

लगातार ८ दिनसम्म अत्याधुनिक प्रविधिसहित त्रिशूलीका विभिन्न ठाउँमा हराएका खोज्दा पनि नभेटिएपछि भारतबाट आएको टोली फर्किएको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख डा भीष्मकुमार भूसालले जानकारी दिए। शुक्रबार बस खोज्न भारतीय टोलीले ल्याएको चुम्बक नै हराएको थियो।

भारतबाट आएको भारतीय नेसनल डिजास्टर रेस्पोन्स फोर्स -एनडीआरएफ) को टोलीसँगै नेपालको विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नेपाली सेनाको विपद् व्यवस्थापन गण रसौली, सशस्त्र प्रहरीलगायत उद्धार तथा खोजीमा संलग्न थिए।

तर, १७ दिनसम्म विभिन्न उपकरणसहित खोजी कार्य जारी राख्दासमेत हराएका २ वटै बस भेटिएका छैनन्। दुबै बसमा रहेका कुल ६५ यात्रुमध्ये ३ जना हामफालेर बाँचेका थिए भने अहिलेसम्म २० जनाकोमात्रै शव भेटिएको छ। त्यसमध्ये ४ जनाको शव अझै सनाखत हुन



सकेको छैन। २ जनाको शव भारतीय भूमिमा फेला परेको थियो। बसमा सवार बाँकी यात्रुको अवस्था अझै अज्ञात छ।

अत्याधुनिक सोनार क्यामेरालगायतका उपकरणसहित १२ सदस्यीय टोलीले खोजी कार्य सुरु गरेको थियो। भारतीय टोली फर्किए पनि नेपाली उद्धार टोलीले भने खोजी कार्य जारी राख्ने डा उप्रेतीले जानकारी दिए। 'भारतीय टोली फर्किए पनि हाम्रो टोलीले खोजी जारी नै राख्ने छ। खोजी कार्य टुंगिएको छैन', उनले भने, 'अतिरिक्त प्रयास भइरहेको छ।'

असार २८ गते चितवन महनगरपालिका-२९, सीमलतालमा गएको पहिरोले बगाउँदा त्रिशूलीमा खसेर २ वटा यात्रुबाहक बस बेपत्ता छन्। वीरगञ्जबाट काठमाडौंतर्फ आउँदै गरेको बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बसलाई लेदोसहितको पहिरोले बगाएर त्रिशूली नदीमा हुलेको थियो।

हराएका बस खोज्न

दुर्घटनामा परेका कतिपय यात्रुका परिवारले कुशको शव बनाएर अन्तिम दाहसंस्कार प्रक्रिया पनि पूरा गरिसकेका छन्। पछिल्लो समय बसमा यात्रारत यात्रुका शवसमेत फेला पर्न छाडेकाले बस फेला पर्ने सम्भावना न्यून रहेको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका एक कर्मचारीले बताए। 'अबचाहिँ सम्भावना छैन। त्यही पनि हाम्रोतर्फबाट खोजी प्रयत्न जारी राखौं भन्नेमात्रै हो', ती कर्मचारीले भने। साभार अनलाइनखबर डटकम

**आफु बस्ने ठाउँ सधै सफा सुघर राख्ने बानी बसालौं।**

## मनोरंजन समाचार

# "शाम्बाला" भदौ २८ मा रिलिज हुने, नेटफिल्क्समा पनि ल्याउने तयारी

**काठमाडौं ।** मीनबहादुर भाम निर्देशित फिल्म 'शाम्बाला'को नेपाल प्रदर्शन मिति तय भएको छ । शुक्रबार आयोजित पत्रकार सम्मेलनमा यो फिल्म भदौ २८ गते –सेप्टेम्बर १३)मा रिलिज हुने जानकारी दिइयो ।

यो ड्रामा, एड्भेन्चर र म्याजिक रियालिज्म फिल्मलाई एप्पल इन्टरटेनमेन्टले देशब्यापी प्रदर्शन गर्न लागेको हो । 'हामीले यो फिल्मलाई नेपालब्यापी रिलिज गर्दैछौं' लामो समयदेखि विदेशी फिल्मको वितरणमा समेत सक्रिय एप्पल इन्टरटेनमेन्टका प्रमुख नकिम उद्दिनले भने ।

विश्व प्रसिद्ध बर्लिन फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियरपछि यो फिल्म अगस्ट पहिलो साता स्वीटजरल्याण्डको लोकार्नोमा स्क्रिनिङ हुँदैछ । प्रतिष्ठत फेस्टिभलमा प्रदर्शनपछि निर्माता कम्पनी सुनी फिल्मसले यो फिल्मलाई स्वदेशमा रिलिज गर्न लागेको हो ।

नेपाली र तिब्बती भाषामा रिलिज हुने यो फिल्मलाई नेपालमा अंग्रेजी र नेपाली सबटाइटलमा समेत प्रदर्शन गरिनेछ । सहरी क्षेत्रमा अंग्रेजी सबटाइटलमा देखाइने तयारी एप्पलको छ ।

पत्रकार सम्मेलनमा निर्देशक भामले ग्लोबल दर्शकपछि अब आफू घरेलु दर्शकमाझ आउन लागेकोमा उत्साही रहेको बताए । 'मेरो पहिलो फिल्म कालोपोथी केही हलमा मात्र रिलिज भएको थियो । यो भने, वाइडरुपमा नेपालभर लगाउँदैछौं' भामले भने ।

झण्डै १४ करोड नेरु बजेट तय रहेको यो फिल्मलाई अहिलेसम्मकै महंगो नेपाली फिल्म बताइएको छ । यो फिल्मले नेपालको चलचित्र विकास बोर्डसहित विश्वका १७ अन्तर्राष्ट्रिय संस्थाबाट फण्ड जितेको छ । फिल्मलाई नेटफ्लिक्समा रिलिजका लागि आफ्ना विदेशी निर्माताहरु लागिपरेको समेत भामले जनाए ।

'कालोपोथी' निर्देशक भामको यो दोस्रो निर्देशकीय फिचर हो । फिल्ममा थिन्ले ल्हामो र सोनम




तोप्देन शीर्ष भूमिकामा छन् । यो फिल्मले नेपालको पश्चिमी हिमाली क्षेत्रमा प्रचलित बहुपतिप्रथाको कथा पेश गर्छ । फिल्मले एक पुरुष र उनका दुई साना भाइसँग बहुआयामी वैवाहिक सम्बन्धमा रहेकी एक महिला पेमालाई पछ्याउँछ । जब व्यापारका लागि गएका पुरुष फर्किंदैनन्, तब पेमाले आफ्नो गर्भमा रहेको बच्चालाई वैधता दिनका लागि उसलाई खोज्न थाल्छिन् ।

पत्रकार सम्मेलनमा निर्देशक भामले बौद्ध दर्शनलाई आफूले कथावस्तुमा समेटेको बताए । अभिनेत्री थिन्ले ल्हामोले आफू गर्भवती महिलाको रोलमा देखिँदा चरित्रमा डुब्न धेरै प्रयास गरेको अनुभव सुनाइन् ।

पत्रकार सम्मेलनमा फिल्म निर्देशक नवीन सुब्बा र निश्चल बस्नेतले पनि भामलाई बधाई तथा शुभकामना दिए । सरकारप्रति आक्रामक सुनिएका बस्नेतले सरकारले गर्नुपर्ने काम भामले गरेको बताए । निर्देशक सुब्बाले भामले विश्वस्तरमा नेपाली फिल्मको स्वीकार्यता बढाएको बताए ।

उक्त अवसरमा थांका कलाकार पासाङ डोल्पाले पोतेको थांका पोस्टर अनावरण गरियो । एप्पल इन्टरटेनमेन्ट तथा क्यूएफएक्स प्रमुख उद्दिनले पोस्टर अनावरण गर्दै रिलिज मिति घोषणा गरे । 'शाम्बाला'को अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बेल्जियमको वितरण कम्पनी बेस्ट फ्रेन्ड फरेभरले लिएको छ । फिल्मको मल्टिप्लेक्स पार्टनरमा क्यूएफएक्स छ । फिल्म निर्माणमा फ्रान्स, नर्वे, हङकङ, टर्की, ताइवान र अमेरिकी कम्पनीले पनि सहकार्य गरेका छन् । साभार अनलाइनखबर डटकम

# "क्रिएटर्स मेला २०२४" सुरु

**काठमाडौं ।** अमेरिकी दुतावासको आयोजनामा शुक्रबारदेखि राजधानीमा दुई दिने 'क्रिएटर्स मेला २०२४' सुरु भएको छ । ठमेलस्थित अलफ्ट होटलमा आयोजित मेलाको पहिलो दिन झण्डै एक दर्जन सत्र प्रस्तुत भए ।

नेपाली डिजिटल क्रिएटर र इन्फ्लुएन्सरको क्षमता र सीपको विकास गर्दै अनलाइनमा उनीहरुको उपस्थितीलाई प्रभावकारी तुल्याउन र व्यवसाय बढाउने उद्देश्यले मेला आयोजना गरिएको दूतावासले जनाएको छ ।

यसवर्षको मेलाको थिम 'बिल्ड, ब्राण्ड, बुस्ट' राखिएको छ । मेलाको पहिलो दिन झण्डै ५०० कन्टेन्ट क्रिएटरले सहभागिता जनाए ।

पहिलो दिन शुक्रबार पोडकास्टिङ, विभिन्न प्लाटफर्ममा बढ्दो सामाजिक संजालको प्रभाव, सामाजिक सञ्जालमा एआईको सदुपयोग, सामाजिक सञ्जालमार्फत सफलता प्राप्त गर्ने तरिका, दृश्य माध्यममार्फत कथा भन्ने शैली, सामाजिक संजाललाई नियमन गर्ने विषयमा वहसबारे विभिन्न छलफल सत्र आयोजना गरियो ।

'पडकास्ट कार्यशाला : शैली र सीप' विषयक' सत्रमा अमेरिकी पडकास्टर एवं लेखक एलिसी हु तथा नेपाली स्वतन्त्र पडकास्टर सुशान्त प्रधानले छलफल गरे । चर्चित नेपाली पडकास्टर सविना कार्कीले सहजीकरण गरेको यो सत्रका वक्ताले पडकास्टलाई कसरी सुरुचि र चाख लाग्ने तुल्याउनेबारे आफ्ना धारणा राखे । उनीहरुले दर्शक तथा श्रोतालाई कन्टेन्टसँग जोड्ने बारेमा कसरी काम गर्न सकिन्छ भन्ने बारेमा आफ्ना अनुभव पनि सुनाए ।

'विभिन्न प्लाटफर्ममा कसरी सामाजिक संजालको उपस्थिती बढाउने' विषयक सत्रमा मेकअप कलाकार लेमी र कन्टेन्ट क्रिएटर पराक्रम राणाले छलफल गरे । कुनै दबाबबिना नेपाली युवाले सामाजिक संजालमा आफ्नो रुचि र चाहनाका भिडियो पोस्ट गर्न सक्ने लेमीले बताइन् ।

'तपाईलाई मःम बनाउने रेसिपीको आइडिया छ भने त्यो पोस्ट् गर्दा पनि हुन्छ । यस्तै किसिमले कुनै दबाबविना कन्टेन्ट क्रिएट गर्नुस' लेमीले अनुभव सुनाउँदै भनिन्, 'मैले पनि मेकअप ब्यवसायमा सामाजिक संजालको प्रयोग गरेँ । यसले मेरो ब्यवसाय उकास्न पनि मद्दत गऱ्यो ।'

कन्टेन्ट क्रिएटर राणाले जुनसुकै कन्टेन्ट बनाउँदा पनि त्यो नेपाली भाषा, संस्कृति र मौलिकतासँग जोडिनुपर्ने बताए । 'यसरी कन्टेन्ट बनाउँदा नेपालको इमोसन जोडिन्छ' उनले भने ।

सामाजिक संजालमा कसरी सफल हुने भन्ने छलफल सत्रमा ओसिन सिटौला, संजोग कोइराला र पूर्वमिस नेपाल तथा उद्यमी अनुष्का श्रेष्ठले छलफल गरे ।

'कथावाचन शैलीको कला' विषयक सत्रमा फोटो पत्रकार स्कन्द गौतम, फिल्ममेकर शान्ता नेपाली, सुशिल सापकोटाले छलफल गरे । दूतावासका सार्वजनिक मामिला प्रमुख ग्यारेट विल्करसन र प्रवक्ता जेहरा नक्वीले प्रश्नोत्तर सत्रमा भाग लिए ।

मुख्य स्टेजमा कलाकारले सांगीतिक प्रस्तुतिसँगै मनोरञ्जनात्मक माहोल सिर्जना गरे । सुशान्त घिमिरेले गायन प्रस्तुतिसँगै सहभागिलाई झुमाए । प्रगति पुनले डान्स प्रस्तुति दिइन् । यीसहित अन्य रमाइला सत्र पनि मुख्य स्टेजमा आयोजना भए ।

मेलाको अन्तिम दिन शनिबार फुड ब्लगिङ कार्यशाला, मानसिक स्वास्थ्य, रुचिलाई कसरी नाफामा परिणत गर्ने भन्ने शैली, सामाजिक संजालमा आफ्नो व्यक्तिगत ब्राण्ड कसरी बनाउने, यात्रा ब्लग, इन्स्टाग्राम स्टोरी र रिल्स वर्कसपजस्ता छलफल र कार्यशाला हुनेछन् ।

साथै, लाइभ बडी पेन्टिङ, गायिका त्रिशला गुरुङको सांगीतिक प्रस्तुति, प्रियंका कार्कीको जीवनको यात्रा नामक कार्यक्रम हुनेछन् । पूर्वमिस नेपाल श्रृंखला खतिवडा, फिल्म निर्देशक निश्चल बस्नेत र युवा उद्यमी श्री गुरुङबीच अन्तक्रिया पनि हुनेछ ।

यसवर्ष, पोडकास्टिङ, ब्रान्ड-बिल्डिङ, मनिटाइजेसन र मानसिक स्वास्थ्य जस्ता विषयमा १२ मेनस्टेज सत्र र १९ अन्तरक्रियात्मक सत्रसहित कुल ३१ सत्र कार्यक्रम संचालन हुनेछन् । साभार अनलाइनखबर डटकम

## स्वास्थ्य रहने उपाय

# बच्चाले खाना खान मान्दैनन्, के गर्ने ?

***डा. बाबुराम पाण्डे***

**काठमाडौं ।** कपनकी ऋषिका हुमागाईं खाना खानै मान्दिनन् । खान खुवाउने बेला अभिभावक उनको पछि पछि कुद्नुपर्छ । मोबाइल तथा टिभी नहेरी त झन् खाना खाँदै खान्नन् । ऋषिकाको यो बानीले उनको अभिभावक धेरै नै हैरान भएका छन् । राम्ररी खाना नखाएको कारण उनको तौल निकै कम छ । घरको खाना खान आनाकानी गर्ने उनी बाहिरको समोसा, मःम जस्ता खानेकुरा भने अलि सहज तरिकाले खान्छिन् ।

त्यस्तै जोरपाटीका कृतज्ञ रिमाल पनि खाना खानै मान्दैनन् । उनले खाना नखाएको देखेर उनकी आमा चिन्तित हुन्छिन् । छोराले खाना खाओस् भनेर उनी अनेक उपाय अपनाउँछिन् । नयाँ-नयाँ परिकार बनाएर दिन्छिन् । तै पनि कृतज्ञ खाना खान आनाकानी गर्छन् । छोराको यो खाना नखाने बानीले उनलाई हैरान बनाएको छ ।

साना बालबालिकाले मलाई यो खानेकुरा मन परेन भनेर भन्न जान्दैनन् । अभिभावकहरूले मेरो बच्चाले खाना खाएन भनेर गुनासो त गर्ने, तर किन खाना खाएन भनेर राम्ररी याद भने नगर्ने बालरोग विशेषज्ञ डा. बाबुराम पाण्डे बताउँछन् ।

बालबालिकाको तौल उमेर अनुसारको हुनुपर्छ । त्यसैले बच्चाको तौल कति छ र त्यो तौल उसको उमेर अनुसार ठीक छ कि छैन भन्ने कुरा हरेक अभिभावकले थाहा पाउनुपर्ने डा. पाण्डे बताउँछन् । 'बच्चाको उमेर अनुसार तौल ठीक छ भने बच्चाले खाना खाएनन् भनेर चिन्ता गर्नु पर्दैन,' उनी भन्छन् ।

यस्तोमा अभिभावकले खोजेको जति बच्चाले नखाएको हो, उसलाई पुग्ने जति खाएको छ भनेर बुझ्नुपर्छ ।

डा. पाण्डे भन्छन्, 'बच्चाको उमेर अनुसार तौल ठीक छ । बच्चाले खान मान्दैन भने खाना खाऊ भनेर कर पनि गर्नु पर्दैन । एक-दुई दिन उसलाई खाना खाऊ भनेर पछि लाग्न छाड्यो भने उसले आफैं खान थाल्छ ।'

बच्चाले खाना खान मानिरहेको छैन भने उसमा केही स्वास्थ्य समस्या पनि हुनसक्ने उनी बताउँछन् । 'बच्चालाई ज्वरो आएको छ, कुनै संक्रमण भएको छ वा अन्य स्वास्थ्य समस्या छ भने पनि बच्चाले खाना नमान्ने हुन्छ । यस्तोमा बच्चाको तौल कम छ र उसले लामो समयदेखि खाना खान मन गर्दैन भने अस्पताल गएर चिकित्सकको सल्लाह लिनुपर्छ,' उनी भन्छन् ।

बच्चालाई केही नयाँ खाना खुवाइयो भने भने उनीहरूले त्यो खाना खान मन गर्दैन । त्यस्तो भएमा उनीहरूलाई कर गर्नु भन्दा बिस्तारै खानाको बानी पार्दै जानुपर्छ ।

'एउटै प्रकारको खाना दैनिक रुपमा खान दिइयो भने बालबालिकाले खान मन गर्दैनन्,' डा. पाण्डे भन्छन्, 'बालबालिकालाई खाना दिंदा रुचि अनुसार परिवर्तन गरेर दिंदा खानामा उनीहरुको रुचि बढ्छ ।' कुनै बालबालिकालाई अटिजम भएको छ भने उनीहरूलाई पनि खाना खुवाउन गाह्रो हुन्छ । यस्तो समस्यामा भने चिकित्सकको सल्लाह लिनुपर्ने डा. पाण्डे बताउँछन् ।

नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकाको गतिविधि अलि धेरै हुन्छ । त्यसैले उनीहरूलाई एकै ठाउँमा राखेर खाना खुवाउन खोज्दा खान मान्दैनन् । यो उमेर समूहको बालबालिकालाई घुमाएर खुवाउँदा सजिलो हुन्छ ।

बच्चाले कुनै खानेकुरा खाएन भने उसलाई खानाको एलर्जी वा ग्यास्ट्रिक भएको हुनसक्छ । बच्चालाई पनि ग्यास्ट्रिक हुन्छ र भन्ने अभिभावकको प्रश्न हुन्छ । ठूलो मान्छेलाई जस्तो लक्षण नदेखिए पनि



बच्चालाई पेट ढुस्स हुने र खाना नपच्ने जस्ता समस्या हुन्छ । त्यसैले पूरक खाना सुरु गर्नुअघि वा बच्चाले लामो समयदेखि खाना खान मानेको छैन भने एक पटक चिकित्सक तथा पोषणविद्को सल्लाह लिनु राम्रो हुन्छ ।

***बचालाई खाना खाने बानी बसाउन के गर्ने ?***

मेरो बच्चाले खानै खाएन भन्ने गुनासो गर्नु भन्दा बच्चाले खाना किन मन पराएन ? कसरी बनाउँदा मन पराउँछ भन्ने कुरामा ध्यान दिंदा बच्चालाई खाना खुवाउन सजिलो हुने पोषणविद् अनुश्री आचार्य बताउँछिन् ।

'बालबालिकालाई खाना खाने बानी बसाउन उमेरअनुसार विशेष खाना तयार गर्नुपर्छ । ६ महिनापछि लिटो, जाउलो जस्ता गिलो र नरम खाना दिनुपर्छ भने एक वर्षपछि नरम भात, दाल, तरकारी दिनुपर्छ,' उनी भन्छिन्, 'तीन वर्षको उमेरभित्र बच्चालाई सबै प्रकारका खाना चखाउनुपर्छ ।'

***पोषणविद् अनुश्री आचार्य***

बच्चाले खाना पुग्यो भनेपछि पनि बचालाई कोच्याएर खाना खुवाउने बानी धेरै अभिभावकको हुन्छ । बच्चाले खाना पुग्यो भनेको कुरालाई अभिभावकले बेवास्ता गरेर करकाप गर्दा बालबालिकाले खानाप्रति मात्र नकारात्मक भाव राख्न सक्ने आचार्य बताउँछिन् । त्यसैले बच्चालाई करकाप गरेर खाना खुवाउनु हुँदैन ।

बालबालिकासँगै अभिभावकले पनि खाना खानुपर्छ । बच्चाले खाना खाइरहेको बेला उसको अगाडि बसेर आफूले पनि खाने यो खानेकुराको नाम यो हो, यसले स्वास्थ्यमा यस्तो फाइदा गर्छ भन्दै सिकाउँदै खाना खुवाउँदा सजिलो हुने आचार्य सुझाउँछिन् ।

'परिवारको खाना खाने समय निश्चित बनाउनुपर्छ, जस्तै- बिहान ९ बजे, दिउँसो २ बजे र साँझ ७ बजे । यसले गर्दा निश्चित समयमा भोकको अनुभव हुन्छ र खानामा रुचि बढ्छ,' उनी भन्छिन् ।

आजभोलि धेरै अभिभावकले बच्चाले खाना खान मान्दैन भनेर खाना खाने समयमा मोबाइल, टयाब्लेट जस्ता ग्याजेट दिने गर्छन् । तर बालबालिकालाई खाना खुवाउने क्रममा मोबाइल, टिभी हेर्न नदिनु नै राम्रो हुने पोषणविद् आचार्य बताउँछिन् ।

'यसले बालबालिकाको ध्यान खानामा भन्दा मोबाइलमा हुन्छ । आफूले के खाइरहेको छु भन्ने कुरा पनि बच्चालाई थाहा हुँदैन । जसले गर्दा उसले खानाको स्वाद र पोषण राम्ररी पाउँदैन,' उनी भन्छिन्, 'विभिन्न अनुसन्धानले यसबाट बालबालिकाको वृद्धि र विकासमा नकारात्मक असर गर्छ भनेर देखाएको छ ।'

कतिपय बालबालिका भने घरको खाना खान मन नपराउने बाहिरको तयारी खाना मात्र मन पराउने हुन्छन् । बच्चाले जब घरमा पाकेको खानेकुरा खान रुचि गर्दैनन्, प्याकेट बन्द तयारी खानेकुराले पेट भर्न थाल्छन् । जब भोक लाग्छ उनीहरूलाई तयारी खानाको तलतल लाग्न थाल्छ । यसरी खराब खानपानको कारण उनीहरूमा पोषणाको कमी हुने आचार्य बताउँछिन् ।

'बच्चाको तयारी खाना खाने बानीलाई परिवर्तन गर्न घरमा नै रङ्गीचङ्गी र आकर्षक खानेकुरा बनाएर दिन सकिन्छ । साथै रेसिपी पनि परिवर्तन गरेर दिनुपर्छ,' उनी भन्छिन् । साभार अनलाइनखबर डटकम

# पोलियो कस्तो रोग हो, किन लगाउनुपर्छ खोप ?

**काठमाडौं ।** काठमाडौंको टुकुचा-बागमती संगम नजिकबाट संकलन गरिएको ढलको नमुना परीक्षण गर्दा स्वरूप परिवर्तित भएको पोलियो भाइरस भेटिएको थियो । पोलियो जीवाणु भेटिएपछि काठमाडौं, ललितपुर र भक्तपुरमा पोलियो विरुद्धको विशेष खोप अभियान सञ्चालन भइरहेको छ ।

पोलियोको एउटा परिवर्तित स्वरूप टाइप '३' को जीवाणु भेटिएको हो । पाँच वर्षमुनिका बालबालिकालाई अनिवार्य पोलियो विरुद्धको खोप लगाउनुपर्ने परिवार कल्याण महाशाखा अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतम बताउँछन् ।

पोलियो खोप लगाउनु किन जरुरी छ ? पोलियो विरुद्धको खोपको

बाँकी ५ पृष्ठमा

## आर्थिक समाचार

# फोहोरबाट आम्दानी गर्ने योजना बनाउँदै व्यास नगरपालिका

***तनहुँ ।*** तनहुँको व्यास नगरपालिकाले खेर गइरहेको फोहोर व्यवस्थापनबाट आम्दानी गर्ने योजना अघि बढाएको छ ।

पहिलो चरणमा नकुहिने फोहोरलाई मोहरमा बदल्ने सोचसहित सूक्ष्म रूपमा वर्गीकरण गरेर बिक्री वितरण गर्ने प्रक्रिया अघि बढाइएको नगरपालिकाले जनाएको छ ।

वन, वातावरण तथा सरसफाइ शाखा प्रमुख नवराज कँडेलले विगत लामो समयदेखि नकुहिने फोहोरलाई खाडल खनेर पुर्दै आएकामा हाल कार्यालय परिसरमै व्यवस्थापन गरी बिक्री वितरणको तयारी गरिएको जानकारी दिए ।

'यसअघि वडा नं ३ मादीनदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएका थियौं । त्यहाँको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहोर व्यवस्थापन गर्न लागिएको छ', उनले भने, 'यसरी सङ्कलित फोहरको वर्गीकरण गरी बिक्री वितरणको योजना बनाएका छौँ । त्यसका लागि ट्रष्ट निर्माण र व्यवस्थित वर्गीकरणका लागि आवश्यक मेसिन खरिदको काम भइरहेको छ ।'

नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहोर सत्तलन हुने गरेको छ । यसको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको नगरपालिकाले जनाएको छ ।

यहाँ पूर्वनिर्धारित स्थलमा फोहर विसर्जनका लागि भएको सम्झौता अवधि सकिएपछि यही साउन १ गतेदेखि दमौली बजारलगायत आसपासका क्षेत्रबाट नकुहिने फोहोर सत्तलनमा समस्या भइरहेको छ । कुहिने फोहोर वडा नं १० दुम्सीस्थित गौ संरक्षण केन्द्रमा व्यवस्थापन हुँदै आएको छ ।

प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले प्लाष्टिक, सिसा, कपडा र फलामलगायत नकुहिने वस्तुलाई छ किसिमले सूक्ष्म वर्गीकरण गरी बिक्री गर्ने योजना बनाइएको जानकारी दिए । यसबाट मासिक एक लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य राखिएको उनको भनाइ छ ।

यसअघि खाडल खनेर पुरिँदै आएको नकुहिने फोहोर अब सरसफाइ शाखाका कर्मचारी परिचालन गरी वर्गीकरण गर्ने र त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर बिक्री वितरण गरिने गैरेले बताए ।

नगर प्रमुख बैकुण्ठ न्यौपानेले हालसम्म फोहोर व्यवस्थापनका लागि लाखौँ रकम खर्च गरिरहेको नगरले अब त्यसैबाट आम्दानी गर्ने गरी काम गर्ने बताए ।

'हामीले सिसाका बोतल खरिद गर्न प्रस्ताव माग गरिसकेका छौं । सबै किसिमका वस्तु बिक्रीका लागि आवश्यक तयारी भइरहेको छ', उनले भने, 'सरसफाइ क्षेत्रमा लाखौं खर्च गर्दै आएकामा अब फोहोरलाई आम्दानीको स्रोतका रूपमा अगाडि बढाउने छ । सोहीअनुसार आवश्यक काम भइरहेका छन् ।' साभार अनलाइनखबर डटकम

# हाइड्रोजन ऊर्जा अनुसन्धानको प्रतिफल जनस्तरमा पुर्‍याउनुपर्छ : डा. बस्ताकोटी

***काठमाडौं ।*** अमेरिकास्थित नर्थ क्यारोलाइना ए एन्ड टी स्टेट युनिभर्सिटीको रसायनशास्त्र विभागका सहप्राध्यापक डा. विष्णु बस्ताकोटीले हाइड्रोजन ऊर्जा अनुसन्धानको प्रतिफल जनस्तरमा पुर्‍याउन थप काम र नीतिगत पहल जरुरी रहेको बताएका छन् ।

नेपाल विज्ञान पत्रकार मञ्च -एनएफएसजे) ले काठमाडौंमा आयोजना गरेको 'मिट द साइन्टिस्ट' को छैटौं शृंखलामा उनले नेपालमा विश्वव्यापी कार्बन उत्सर्जनलाई उल्लेखनीय रूपमा घटाउन र सफा, दिगो ऊर्जा प्रवर्द्धननमा हाइड्रोजन ऊर्जाले मद्दत गर्ने बताए ।

डा. बस्ताकोटी अन्तरदेशीय टोलीमा रही हाइड्रोजन ऊर्जा सम्बन्धी अनुसन्धानमा केही वर्ष यतादेखि क्रियाशील छन् । नेपालमा काठमाडौं विश्वविद्यालयले हाइड्रोजन ऊर्जाको अनुसन्धान गर्दै हाइड्रोजनबाट चल्ने कार विकास गरिसकेको छ ।

डा. बस्ताकोटीले विश्वका मुलुकहरूले गैरनवीकरणीय ऊर्जा स्रोतबाट नवीकरणीय ऊर्जा स्रोतहरूमा आफ्नो चासो र धारणा व्यक्त गरिरहेको स्थितिमा यसका लागि हाइड्रोजन ऊर्जाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

अमेरिकामा आफुले प्रयोगशाला काम गरेको अनुभव र उद्योगसँगको साझेदारीको आधारमा डा. बस्ताकोटीले हाइड्रोजन ऊर्जा उत्पादनको प्राविधिक पक्षलाई सरल भाषामा व्याख्या गरे । 'नवीकरणीय हाइड्रोजन ऊर्जा प्रणाली स्रोतको उपलब्धता, सामाजिक आर्थिक अवस्था, भौगोलिक स्थिति, राजनीतिक प्रणाली र यातायात पूर्वाधारमा हाइड्रोजनको उत्पादन निर्भर रहन्छ,' उनले भने ।

हाइड्रोजन इन्धनको रूपमा र विभिन्न औद्योगिक प्रक्रियाहरूमा प्रयोग गर्न सकिने उनको विचार छ । हाइड्रोजनले इन्धन कक्ष, इन्जिन र टर्बाइनहरूलाई शक्ति दिन्छ र ऊर्जा भण्डारण, पेट्रोलियम रिकभरी, रिफाइनिङ, मेथानोल र अमोनिया उत्पादन, धातु प्रशोधन, खाद्य प्रशोधन, र कस्मेटिक्सको लागि पनि यसको प्रयोग गर्न सकिन्छ ।

'नेपालले प्रचुर मात्रामा जलस्रोतका कारण हाइड्रोजन ऊर्जाबाट फाइदा लिन सक्छ, किनकि धाराको पानीबाट हाइड्रोजन उत्पादन गर्न सकिने प्रविधि आइसकेको छ,' डा बस्ताकोटीले बताए ।

डा. बस्ताकोटीले हरियो, नीलो हाइड्रोजन र दुई प्रकारका खैरो हाइड्रोजन बारे चर्चा गर्दै भने, 'चार किसिमका हाइड्रोजन ऊर्जामध्ये मूलतः पानीबाट पानीबाट इलेक्ट्रोलाइसिस गरी उत्पादन गरिने हरियो हाइड्रोजन सबैभन्दा वातावरण मैत्री मानिन्छ,' उनले भने ।

नेपालमा हाइड्रोजन ऊर्जाको व्यावसायीकरण गर्न जनचेतना र सरकारी सहयोग आवश्यक रहेको डा. बस्ताकोटीले जोड दिए । 'नेपाल सरकारले कार, बस र अन्य सवारी साधनमा हाइड्रोजन इन्धनको प्रयोग प्रवर्द्धन गर्ने नीति लागू गर्नुपर्छ' उनले भने, 'हाइड्रोजन इन्धनमा बढ्दो अनुसन्धान अत्यावश्यक छ र नतिजा हासिल गर्न सरकार र निजी क्षेत्रलगायत अन्य संस्थाबीच सहकार्य आवश्यक छ ।'

कार्यक्रममा काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङका हाइड्रोजन ऊर्जा विशेषज्ञ डा. राम लामा, वन तथा वातावरणविद् सन्तोषमणि नेपाल, नेपाल फरेस्टर्स एशोसिएसनका पूर्वमहासचिव कृष्ण वस्ती, रसायन शास्त्री डा वसन्त गिरी लगायत सहभागी थिए । साभार अनलाइनखबर डटकम

# सक्रिय हुँदै मनसुन, आगामी ३ दिन रातिको समयमा भारी वर्षा हुने

***काठमाडौं ।*** आगामी तीन दिन रातिको समयमा भारी वर्षा हुने सम्भावना रहेको मौसमविद्ले बताएका छन् । कुनै–कुनै ठाउँमा भने अति भारी वर्षाको समेत सम्भावना छ ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले आगामी केही दिन अघिल्ला दिनको तुलनामा मनसुन गतिविधि अलि सक्रिय हुने बताए । 'त्यसक्रममा आज, भोलि र पर्सि रातिको समयमा भारी वर्षा हुने सम्भावना छ,' उनले भने, 'एक–दुई स्थानमा अति भारी वर्षा हुने पनि देखिन्छ ।'

मौसमविद् अधिकारीका अनुसार रातिको समयमा धेरै पानी पर्नु मनसुनको विशेषता नै हो । यसका धेरै कारणहरुमध्ये एउटा कारणबारे जानकारी दिँदै मौसमविद् अधिकारी भन्छन्, 'अरब सागर र बंगालको खाडीबाट आउने जलवाष्पयुक्त हावामा भएको पानीको मात्रा तापक्रम बढी हुँदा होल्ड हुने क्षमता बढी हुन्छ, राति तापक्रम घटेसँगै होल्डिङ क्षमता घट्छ र वर्षा हुन्छ ।'

***आगामी तीनको पूर्वानुमान***

मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल मनसुन न्यून चापीय रेखा सरदर स्थानको आसपास नै छ । तर अघिल्लो दिनको

बाँकी ५ पृष्ठमा

# जहाज निल्ने खाडल : पाइलट चिच्याउँछन्– 'न आकास देखिन्छ, न पाताल'

***संकेत कोइराला***

सन् १९४५ को डिसेम्बर ५ को मध्यान्ह फोर्ट लोडेरडेलबाट एकैपटक पाँच जहाज समूहमै रहेर उड्ने योजना मुताबिक उडेका थिए । ती जहाजमा १, १ मुख्य पाइलट र ९ चालक दलका सदस्य थिए । उडाइएका जहाज बमबाहक टबीएम ३ एभेन्जर नामले परिचित थिए । र, सबैले हजार माइलसम्मको उडान भर्नका लागि आवश्यक इन्धन बोकेका थिए । विमान उड्दाको तापक्रम ६५ डिग्री सेल्सियस थियो । घाम एक टकले लागिरहेको थियो । बादल केही ठाउँमा छरिएको अवस्थामा थियो । उत्तरपूर्वी हावा मध्यस्तरको थियो । त्यही दिन उडान भरेका अन्य विमान चालकले मौसम अत्यन्तै राम्रो रहेको बताएका थिए ।

यो विशेष अभियान अन्तर्गत उडान भर्ने समय दुई घण्टा तोकिएको थियो । यी जहाजले ठीक २ बजे विमानस्थल छोडे । दश मिनेटभित्र जहाजले आवश्यक उचाइ लिइसकेका थिए । जीवनमा २५ हजार घण्टा हावामा बिताइसकेका लेफ्टिनेन्ट चार्ल्स टेलरले सम्पूर्ण विमानको कमाण्ड लिएका थिए । चार्ल्सले विमानलाई चिकेन सोल्सतर्फ लगे । विमानका पाइलट, चालक दलका अरु सदस्य आआफ्नो क्षेत्रमा अनुभवी थिए ।

त्यो उडानमा कुनै असामान्य घटना होला भनेर कल्पना गर्नु बेकार थियो । तर, नसोचेकै भयो । करिब ३:१५ बजेको थियो । परीक्षणको रुपमा बम खसाल्ने कार्य सम्पन्न भइसकेको थियो । विमान पूर्वतर्फ हानिइसकेका थिए । फोर्ट लौडेरडेल न्याभेल एयर स्टेशन टावरको रेडियोम्यान जहाज कतिबेला ओर्लदैछन् भन्ने समय तथा ओर्लनका लागि आवश्यक सूचना दिन पर्खेर बसेका थिए । तर, त्यस्तो सूचना पाउनुको सट्टा उडान नेतृत्वबाट अत्यन्तै अस्वाभाविक सन्देश प्राप्त भयो । जहाजको ककपिट र टावरको संवाद यस्तो थियो–

क्याप्टेन : टावर..टावर। अत्यन्तै इमरर्जेन्सी। यस्तो लाग्छ हामीले बाटो बिराएका छौं। हामी जमिन देख्न सकिरहेका छैनौं। 'फेरि हामी जमिन देख्न सक्दैनौं।

टावर : तपाईंको स्थिति कस्तो छ ?

क्याप्टेन : हामी हाम्रो स्थितिबारे निश्चित छैनौं। अहिले कहाँ छौं भन्ने नै हामीलाई थाहा छैन'हामी हराए जस्तो छ ।

टावर : पश्चिमतर्फको रुट पछ्याउनुस्।

क्याप्टेन : हामीलाई पश्चिमको बाटो कुन हो भन्ने नै थाहा छैन । हरेक कुरा बिग्रिएको छ । कुनै पनि दिशाबारे हामी निश्चित हुन सकेका छैनौं। 'यहाँसम्म कि समुद्र पनि जस्तो देखिनुपर्ने हो, त्यस्तो देखिएको छैन ।

फोर्ट लौडेरडेलस्थित वरिष्ठ उडान प्रशिक्षकले आफ्नो रेडियोमा कसैले बत्ती, बत्ती भनेर कराइरहेको सुने । उडानमै रहेका मध्ये एक जनाले यस्तो भनिरहेको थियो– 'हामी कहाँ छौं, मलाई थाहा छैन । पक्का पनि हामी त्यो अन्तिम घुम्तीपछि हराएका छौं।' जसोतसो ती वरिष्ठ प्रशिक्षक त्यो उडान– १९ संग सम्बन्ध स्थापित गर्न सक्षम भए ।

उनले जवाफ पाए– 'मेरो दुवै कम्पासहरु काम नलाग्ने भएका छन् । म फोर्ट लौडेरडेललाई पत्ता लगाउने कोशिस गरिरहेको छु'.म मुख्य स्थानमै छु' तर मलाई थाहा छैन तल ओर्लन कति सम्भव छ'।' त्यसपछि प्रशिक्षकले उत्तरतर्फ उड्न भने । तर उनले जवाफ पाए– हामीहरु भर्खरै एउटा सानो टापुमाथि उड्यौं' अरु जमिन त देखिदै देखिदैन'.' यसखाले जवाफबाट के संकेत मिल्दथ्यो भने सम्पूर्ण उडानले बाटो बिराएको छ र जहाज नियन्त्रण बाहिर छ ।

अब त उडान– १९ बाट प्राप्त सन्देश सुन्न पनि त्यहाँबाट आउने होहल्लाले अप्ठेरो भइरहेको थियो । यस्तो लाग्थ्यो– उडान १९ मा त टावरबाट गएको सन्देश सुनिदै सुनिदैन । तर टावरमा चाहिँ विमानभित्र भइरहेका संवाद सुनिन्थ्यो । कुनै कुनै सन्देशमा इन्धन सकिन लागेको '७५ माइलका लागि मात्र इन्धन रहेको '.७५ माइलप्रति घण्टा हावा बहिरहेको जस्ता संवाद रेकर्ड भएको थियो ।

चुम्बकीय कम्पासहरु बिल्कुलै अनौठो अवस्थामा पुगेका, एकछिन अघि एउटा दिशा देखाएको कम्पासले एकछिन पछि अर्कै दिशा देखाउने गरेका जस्ता सन्देश पनि सुनिन्थ्यो । यो सबै घटना होउन्जेल पनि फोर्ट लोडेरडेलमा रहेको शक्तिशाली ट्रान्समिटर उडान– १९ मा सम्बन्ध स्थापना गर्न अक्षम रह्यो । तर विमानभित्र भएका कुराकानी भने रेडियो ट्रान्जिस्टरमा स्पष्ट सुनिन्थ्यो । अब यो समाचार सनसनीपूर्ण ढंगले फैलिसकेको थियो । त्यस्तो अनौठो घटनाबारे विभिन्न अन्दाज लगाउन सुरु गरियो । कसैले शत्रुले विमान आक्रमण गरेको सुझाए । यद्यपि दोस्रो विश्वयुद्ध सकिएको महिनौं भइसकेको थियो । उद्धारका लागि जहाज पठाइयो । एउटा मार्टिन मेरिनर विमान १३ जना चालक दल लिएर बनाना रियर नेभल स्टेशनबाट छुट्यो । चुम्बकीय कम्पासहरु बिल्कुलै अनौठो अवस्थामा पुगेका, एकछिन अघि एउटा दिशा देखाएको कम्पासले एकछिन पछि अर्कै दिशा देखाउने गरेका जस्ता सन्देश पनि सुनिन्थ्यो ।

ठीक ४ बजे टावरमा अचानक सुनियो– लेफ्टिनेन्ट टेलरको उद्धार गर्न गएको म्यारिनका पाइलट, क्याप्टेन सिटमरसंग कुरा गरे । अस्वाभाविक होहल्ला र असामान्य परिस्थितिका कारण सन्देशहरु राम्रोसंग सुनिदैनथ्यो । लेफ्टिनेन्ट टेलर भन्दै थिए– 'हामी कहाँ छौं भन्ने निश्चित छैन'हामीलाई लाग्छ हामी हवाई अड्डाभन्दा २२५ माइल उत्तरपूर्व छौं'.हामीले फ्लोरिडा पनि काटिसकेको हुनुपर्छ र हामी मेक्सिको खाडीमा भएको हुनुपर्छ'' त्यसपछि के अनुमान गरियो भने उडानका नेताले विमान हिँडिरेहेको दिशाबाट ठ्याक्कै १८० डिग्री मोडिन आदेश दिए पुनः फ्लोरिडा नै फर्कन । तर, जब तिनीहरुले जहाज मोडे, तब वार्ता भंग हुन थाल्यो । यसबाट उनीहरुले गलत बाटो पक्रिएको पुष्टि हुन्थ्यो ।

केही रिपोर्टहरुको दाबीअनुसार उडान– १९ बाट आएका अन्तिम वाक्य यस्ता थिए– 'यस्तो लाग्छ हामी' टल्किने सेतो पानीभित्र पस्यौं, '. हामी गएको म्यारिनर, कसैबाट पनि कुनै प्रकारको सन्देश आउन छोड्यो ।' ७ बजेको केही क्षणपछि अमेरिकाकै मायामीस्थित ओया लोक्का न्याभल एयर स्टेशनमा अनौठो सन्देश सुनियो 'एफटी.. एफटी' यो सन्देश उडान– १९ बाट आएको थियो । प्रशिक्षकको विमानको नाम एफटी–२८ थियो । यदि यो सन्देश हराएकै विमान मध्यबाट आएको थियो भने के भन्न करै लाग्छ भने ती विमान इन्धन सकिने भनेर आशंका गरिएको समयभन्दा दुई घण्टापछि सम्म पनि उडिरहेका थिए । अँध्यारोका कारण त्यो दिन खोजी कार्य रोकियो । यद्यपि कोष्टकार्डका निरीक्षकहरुले त जीवित भेटिने आशामा राति पनि खोजी कार्य यथावत राखेका थिए । दोस्रो दिन बिहीबार झिसमिसमै व्यापक खोजी कार्य सुरु गरियो । तर इतिहासमै सबैभन्दा ठूलो खोजी अभियानका बाबजुद् हात लाग्यो शून्य। केही भेटिएन । यो खोजी कार्यमा २ सय ४० जहाज र हवाइजहाज बोक्ने जहाज सोलोमोनसबाट थप ६७ विमान प्रयोग गरिएका थिए । यस्तै कयौं सवम्यारिन्स, १८ वटा कोष्ट गार्ड, ओसल, सयौं निजी विमान, डुंगा परिचालन गरिएका थिए । यो इतिहासमै सर्वाधिक ठूलो खोजी अभियान थियो । जुन निरर्थक सिद्ध भयो ।

दैनिक औसत १ सय ६७ वटा जहाज पानीको सतहभन्दा ३ सय फिट माथि अहोरात्र खोजीमा जुट्थे । एटलान्टिक, क्यारेवियन, मेक्सिको खाडी, फ्लोरिडाको मुख्य मुख्य भाग र अन्य छिमेकी टापुको तीन लाख ८० हजार वर्ग माइल क्षेत्रमा खोजी कार्य तीव्र बनाइयो । जहाजको सहयोगमा ४१ सय घण्टा खोजी गरियो । न विमान भेटियो, न विमानका टुक्रा नै। न त इन्धन चुहिएको कुनै संकेत फेला पर्यो । फ्लोरिडा र बाहामाजका किनारमा त दैनिक हप्तौंसम्म खोजी गरियो । अहँ, केही फेला परेन । संभाव्य सबै स्थानमा खोजियो, भए सम्मका सबै उपाय अपनाइयो, प्राप्त सबै साधनको उपयोग गरियो । एउटा व्यापारिक उडानमा रहेको विमानले जमिनमाथि रातो टुक्रा देखेको सूचना दियो । त्यो टुक्रा मार्टिन म्यारिनरको भएको अनुमान गरियो । अन्ततः प्रमाणित हुन सकेन । हराएका पाँच जहाज रहस्यकै गर्भमा बिलाए ।

बर्मुडामा जहाज हराउन थालेपछि त्यो हराउने क्रमको अध्ययन गर्नेहरु के निष्कर्षमा पुगे भने पर्यटक आउने पीक सिजनमा बढी जहाज हराउने गर्छन् ।

यसैगरी सन् १९४७ को जुलाई ३ मा यूएस आर्मी सी– ५४ नामको लडाकु जहाज सहित चालक दलका ६ सदस्य एउटा नियमित उडान अन्तर्गत बर्मुडाबाट पाल्म बीचस्थित मोरिसन आर्मी एयर फिल्डमा जान उडिरहेको थियो । तर विमान आउने भनिएको स्थानमा जहाज पुगेन, बीचैमा हरायो । एक लाख वर्गकिलोमिटरको क्षेत्र वरपर खोज कार्य सञ्चालन गरियो । हात लाग्यो शून्य।

बर्मुडामा जहाज हराउन थालेपछि त्यो हराउने क्रमको अध्ययन गर्नेहरु के निष्कर्षमा पुगे भने पर्यटक आउने पीक सिजनमा बढी जहाज हराउने गर्छन । विशेष गरी नोभेम्बरदेखि फेब्रुअरीको बीचमा। सन् १९४८ को जनवरी २९ मा पनि एउटा सैन्य विमान हरायो । बेलायतको यो विमानले यात्रु पनि बोकेको थियो । हराउँदा बखत विमानमा चालक दलका ६ र यात्रुहरु २६ जना सवार थिए । दोस्रो विश्वयुद्धमा बेलायतका सेनाको हवाई मार्शलको नेतृत्व गर्ने सर आर्थर कन्निङघाम पनि यसै उडानमा यात्रारत थिए । 'स्टार टाईगर' नाम दिइएको त्यो जहाजले योजना मुताविक

बाँकी ५ पृष्ठमा

## जहाज........................

बर्मुडास्थित किन्ड्ली फिल्डमा ओर्लनु पर्ने थियो । ओर्लनका लागि अनुमान गरिएको समयभन्दा केहिबेर अघि अर्थात राति साढे १० बजे पाइलटले कन्ट्रोल टावरलाई सन्देश दिए– 'वातावरण अत्यन्तै राम्रो छ, सबै कुरा ठिकठाक छ, निर्धारित समयमै हामी त्यहाँ आइपुग्ने छौं।'

यसपछि अरु कुनै सन्देश आएन र स्टार टाईगर पनि आएन कहिल्यै आएन । कुनै प्रकारको आपतकालीन सन्देश पनि कन्ट्रोल टावरमा आएन । विमानले राम्रोसंग काम नगरको कुराको संकेत पनि आएन। भोलिपल्ट ३० जनवरीका दिन खोज्ने र बचाउने अभियान थालियो । ३० वटा विमान र १० वटा जहाजले कैयौं दिनसम्म खोजे, न जहाजको भग्नावशेष भेटियो, न यात्रु।

खोजी कार्य यथावत नै रहँदा कतिपय रेडियो अपरेटरहरुले एउटा अनौठो कोड नम्बरबाट कसैले कसैलाई सन्देश दिइरहेको सुने । मोर्स कोडबाट भएको त्यो संवादमा टाईगरको कुरा गरिएको बुझियो । न्यू फाउण्डल्याण्डस्थित कोस्ट गार्ड स्टेशनमा गरिएको एउटा रेकर्ड सुन्दा त यस्तो लाग्थ्यो कसैले अंग्रेजी अक्षर जी, ए, एच, एन, पी उच्चारण गर्दै थियो । यी अक्षर हराएको स्टार टाईगरका कोड अक्षर थिए। यो सन्देश र उडान १९ हराएपछि मायामीमा सुनिएको सन्देश समान प्रकृतिका थिए । बेलायतका नागरिक उड्डयन मन्त्री लर्ड म्याकमिलानको संयोजकत्वमा अनुसन्धान समूह गठन गरे । त्यो समूहले एक महिनापछि रिपोर्ट दियो । रिपोर्टमा विमान समुद्रमा खसेको कुरालाई विश्वास गर्ने आधार नै नभएको उल्लेख थियो । रिपोर्टमा भनिएको थियो– स्टार टाईगर विमान निर्माण गर्दा पनि त्यसमा कुनै प्राविधिक त्रुटि थिएन, सबै कुरा ठिकठाक थियो । चालकले ओर्लने ठाउँ नदेखेको भन्ने कुरालाई पत्याउने पनि आधार भेटिंदैन ।'

एउटा अनौठो र झन बढी निराशाजनक अर्को एउटा घटनामा स्टार टाईगर हराएको वर्ष दिन पुग्न ठीक एकदिन अघि त्यसकै बहिनी जहाज स्टार एरियल पनि चालक दलका सात र १३ जना यात्रु लिएर उडिरहेको बेला हरायो। जहाज सन् १९४९ जनवरी १७ मा बर्मुडाबाट जमैकाका लागि उडिरहेको थियो। जहाजले ७.४५ बजे बर्मुडा छोडेको थियो। त्यतिबेला समुद्र शान्त थियो, वातावरण राम्रो थियो। क्याप्टेनले विमान उडेको ५५ मिनेटपछि यस्तो सन्देश पठाएका थिए– 'म उडिरहेको एरियलको क्याप्टेन म्याक्की बोलिरहेको छु। बर्मुडाबाट जमैकाको किङस्टन जाने क्रममा हामीले उचाई लिएका छौं। वातावरण राम्रो छ । किङगस्टनमा हामी योजना मुताविककै समयमा पुग्नेछौं। र, म किङगस्टनसंग सम्पर्क गर्नका लागि रेडियो फ्रिक्वेन्सी बदल्न गइरहेको छु।'

यो त्रिकोणमा माथि उल्लेख गरिएका विमान एकैपटक हराउनु अघि र पछि पनि त्यति ठूलो संख्यामा विमान हराएका छैनन् ।

अब चाहिँ स्टार एरियलबाट कुनै पनि सन्देश आएन, कहिल्यै आएन । बेलायती विमानका अलावा स्टार एरियललाई खोज्ने काममा अमेरिकी विमान तथा लडाकु जहाज पनि सामेल भए । अरु त अरु व्यापारिक यात्रामा रहेका जहाज पनि खोजी अभियानमा सहभागी भए। खोजीमा रहेका सम्पूर्ण जहाजमा अनायास एउटा यस्तो रेडियो सन्देश आयो– 'ब्रिटिस साउथ अमेरिकन एयरवेजको चार इन्जिन भएको हवाइजहाज स्टार एरियल जो बर्मुडाबाट १७ जनवरी १२४२ जीएमटी –ग्रीनवीच मिन टाईम) जमैकाका लागि २१६ डिग्रीको ट्र्याकमा प्रस्थान गरेको थियो । बर्मुडाबाट झण्डै १५ माइल टाढा १७ जनवरी १३३७ जीएमटीमा सुनिएको थियो'।'

७२ वटा उद्धार विमानले एकसाथ काम गरिरहेका थिए । १५ लाख वर्गकिलोमिटर समुद्र वरिपरिको भूभागमा खोजी गरियो । एउटा सानो चिन्हसम्म पनि भेटिएन । स्टार दिदीबहिनी जहाज हराउनु केही समयअघि अर्थात सन् १९४८ को डिसेम्बर २८ मा एउटा चार्टर डिसी ३ विमान सान जुवानबाट मायामीतर्फ गइरहेको बेला हराएको थियो । त्यो विमानमा ३६ यात्रु र चालक दल थिए । यो विमान त झन आश्चर्यजनक रुपमा हराएको थियो। यो उड्दा पनि वातावरण राम्रो थियो। डिसेम्बर २७ राति १० बजे यो विमान उडेको थियो । राति उडिरहेका बेला विमानका क्याप्टेन रोबर्ट लिन्क्विस्टले रेडियोमा सुने– 'तिमीलाई के थाहा छ ? किन हामी सबैजना क्रिसमसको गीत गाइरहेका छौं ?'

डीसी ३ बाट आएको अर्को सन्देश मायामी टावरमा बिहान ४:१३ बजे सुनियो। जुन सन्देश यस्तो थियो– 'हामी गन्तव्यमा आउन लाग्यौं। सिर्फ दक्षिणमा ५० माइल छ 'हामी मायामीमा बिजुलीको प्रकाश देख्न सक्छौं'.सबै कुरा ठीक छ'.ओर्लने निर्देशन दिन तयार भएर बस्नुहोला'।' त्यसरी ओर्लन ठीक्क परेको जहाज कहिल्यै आएन । खोजी गर्दा विमानको कुनै चिनोबानो भेटिएन ।

वास्तवमा सन् १९४५ को डिसेम्बर ५ मा ६ वटा विमान तथा तिनका चालक दलका सदस्य यो क्षेत्रमा हराएपछि मात्रै बर्मुडा त्रिकोणले आफ्नो यो नाम पाएको हो। ती विमान अमेरिकाको फ्लोरिडा शहरस्थित फोर्ट लौडरडेलको नेभल एयर स्टेशनबाट नियमित प्रशिक्षण उडान सञ्चालन गरिरहेका थिए । त्यसो त बर्मुडाको नाम यति मात्रै होइन । विमान रहस्यमयी ढंगले हराउन थालेपछि यसलाई राक्षसको त्रिकोण, दी ट्रीङगल अफ डेथ, दी होडो सी, दी ग्रेभयार्ड अफ एटलान्टिक लगायत अन्य कयौं नामले यो स्थानलाई चिनिन्छ ।

यो स्थलको भौगोलिक स्थिति त्रिकोणात्मक भएकाले नै यसले त्रिकोणको नाम पाएको हो । यो त्रिकोणमा माथि उल्लेख गरिएका विमान एकैपटक हराउनु अघि र पछि पनि त्यति ठूलो संख्यामा विमान हराएका छैनन । यो नै अहिलेसम्मको एक मात्र सबैभन्दा ठूलो घटना हो। ती ५ वटा विमान हराउँदा तिनलाई बचाउन गएको अर्को विमान पनि बचाउ गर्ने क्रममै हराएको थियो ।

## थप संकटको.........

यसअघि सरकारले पक्राउ गर्न खोजेकाले नयाँ गठबन्धन बनेको चर्चा छ। यस्तो धरातलमा बनेको सरकारले जनताबाट आर्थिक विकासको एजेन्डाको विश्वासका साथ नेतृत्व गर्न सक्दैन । न कुनै नैतिक धरातल नै बाँकी छ । दलका शक्तिशाली नेताहरू कि आफैं राजनीतिक भ्रष्टाचार र कमिसनको आरोप व्यहोरिरहेका छन् कि त्यस्ता आरोपीहरूको प्रत्यक्ष सुरक्षा गरिरहेका छन्। अझ सरकारी जग्गा हडप्नेहरूलाई नै मन्त्री बनाउने जस्ता क्रियाकलापले यो गठबन्धनले आर्थिक विकासमा टेवा दिन सक्दैन भन्ने स्पष्ट हुन्छ।

भ्रष्टाचार र क्रोनी क्यापिटलिज्ममा यी दलहरू गहिरो गरी अनुकूलित छन्। सत्ता साझेदार दलहरूको क्रियाकलाप र गठबन्धनले आर्थिक विकासको सवालमा कुनै ठोस र सकारात्मक कदम उठाएको देखिंदैन । स्थायित्व र विकासका लागि पारदर्शिता, इमानदारी र जनताको विश्वासको पुनर्स्थापना अपरिहार्य छ ।

यी सबै पृष्ठभूमिमा संसद्का प्रमुख दुई दलहरूको गठबन्धन बृहत्तर संवैधानिक र लोकतान्त्रिक हित र सुधार केन्द्रित छैन। यो त तत्कालको सत्ता स्वार्थ र प्रतिशोध केन्द्रित राजनीतिको नतिजा हो। यसले आर्थिक विकास र राजनीतिक स्थिरता दिनेभन्दा देशमा दीर्घकालीन रूपमा थप संकट निम्त्याउने र यसको मूल्य भावी पुस्ताले सम्म चुक्ता गर्नुपर्ने हुनसक्छ । साभार अनलाइनखबर डटकम

## पोलियो...................

प्रभावकारिता कस्तो छ ? लगायत विषयमा डा. गौतमसँग अनलाइनखबरकर्मी सुमित्रा लुईटेलले गरेको कुराकानीको सम्पादित अंश :

***कस्तो रोग हो पोलियो ?***

पोलियो भाइरसद्वारा लाग्ने रोग हो । यो मुख्य रुपमा व्यक्ति–व्यक्तिबीचको सम्पर्कद्वारा फैलिन्छ । संक्रमित व्यक्तिको दिसा–पिसाब समावेश खाना वा पेय पदार्थको सेवनबाट फैलिने गर्छ। पोलियोले मूलतः पाँच वर्षमुनिका बालबालिकालाई असर गर्छ।

पोलियो भाइरस पी १, पी २, पी ३ गरी तीन प्रकारका हुन्छन् र तीनवटै प्रकारका भाइरसबाट पोलियो रोग हुनसक्छ। पोलियो संक्रामक रोग हो, जसलाई फिकोरलुट भनिन्छ ।

पोलियो भाइरसले पहिले आन्द्रालाई संक्रमित गर्छ। जसकारण फ्लु जस्तो लक्षण देखिने गर्छ। यसपछि संक्रमणले मस्तिष्क र मेरुदण्डलाई असर गर्छ । पोलियो भाइरसबाट संक्रमण भएको व्यक्तिलाई पक्षघात हुनसक्छ र पक्षघात भएपछि निको हुँदैन । यो रोगबाट मृत्यु पनि हुनसक्छ ।

***पोलियोको लक्षण के–कस्ता हुन्छन् ?***

यसको ठ्याक्कै चिन्ने लक्षण पक्षघात हो । तर त्यो भन्दा अगाडि बालबालिकालाई पोलियोको संक्रमण भइसकेपछि सामान्यतया ज्वरो आउने, पखाला लाग्ने, जीउ दुख्ने, थकान महसुस हुने, रुघाखोकी लाग्ने जस्ता लक्षण बारम्बार देखिने गर्छन्। पोलियो थोपा र पोलियो खोप दुई फरक कुरा हो ?

नेपालमा पोलियो रोग विरुद्ध दुई किसिमका खोपहरू प्रदान गरिन्छ। तीमध्ये एउटा खोप मुखबाट खुवाइन्छ त्यसलाई ओ.पी.भी. खोप भनिन्छ। अर्को खोप सुईबाट दिइन्छ । त्यसलाई एफ.आई.पी.भी. भनिन्छ।

नियमित खोप कार्यक्रम मार्फत पोलियो थोपा बच्चा जन्मेदेखि पाँच वर्ष मुनिका बालबालिकालाई ६, १० र १४ हप्तामा जम्मा तीन पटक दिइन्छ । यसको अतिरिक्त पोलियो खोप अभियानमा पनि जन्मेदेखि पाँच वर्ष मुनिका बालबालिकालाई पोलियो खोप दिनुपर्छ।

अर्को एफ.आई.पी.भी. खोप १४ हप्ता र ९ महिनाको उमेरमा सुईको माध्यमबाट दिइने खोप हो । यो खोप मुखबाट खुवाउने पोलियो खोपको अतिरिक्त दुई पटक दिनुपर्छ । एफआईपीभीले पोलियो रोग विरुद्ध लड्न थप प्रतिरोधात्मक शक्ति प्रदान गर्छ।

अहिले दिइराखेको पोलियो खोपको थप मात्रा हो। नियमित रुपमा पहिले नै पूर्ण खोप लगाइसकेका बालबालिकाले पनि लगाउनुपर्छ।

***पोलियो विरुद्धको खोप कति प्रभावकारी छ ?***

पोलियोको खोप अत्यन्त सुरक्षित र प्रभावकारी भएकाले आफ्ना बालबालिकालाई ढुक्कसँग खोप लगाउन सकिन्छ।

पोलियो मात्र हैन, नेपालमा दिइने अन्य खोपहरू सुरक्षित र प्रभावकारी छन्। खोप विश्व स्वास्थ्य संगठनबाट मान्यताप्राप्त र औषधि व्यवस्था विभागबाट पनि मान्यता प्राप्त हुन्छ । त्यसैले ढुक्क भएर लगाउन सकिन्छ।

***पोलियो विरुद्धको खोप कसले लगाउनु हुँदैन ?***

कोही बालबालिका बिरामी भएर अस्पतालमा भर्ना भइराखेका छन् र उच्च ज्वरो आइरहेको छ भने उनीहरुले तत्काल यो खोप लगाउनु हुँदैन । ज्वरो निको भइसकेपछि खोप लगाउन मिल्छ।

क्यान्सर भएका बालबालिका र एड्सको संक्रमण भएका बालबालिकाहरुको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने भएकाले उनीहरूले यो खोप लगाउन मिल्दैन।

***कुन उमेर समूह पोलियोको जोखिममा हुन्छन् ?***

पोलियोको जोखिम सबै उमेर समूहमा हुन्छ । तर पाँच वर्षभन्दामुनिका बालबालिकामा यसको उच्च जोखिम हुन्छ । पोलियो खोप नलगाएका वा पोलियो खोपको पूरा मात्रा नलगाएका बालबालिका यस रोगको उच्च जोखिममा हुन्छन् । समुदायमा एक जना बच्चालाई पनि पोलियो रोग भएमा अरू बालबालिकालाई सर्ने सम्भावना हुन्छ।

***पोलियोको उपचार र बच्ने उपाय के छ ?***

पोलियोको कुनै पनि उपचार हुँदैन। पक्षघात भइसकेपछि यसको कुनै पनि उपचार सम्भव छैन। त्यसैले यो लाग्नबाट नै बच्नुपर्छ । यो रोगबाट सुरक्षित हुने सबैभन्दा उत्तम र प्रभावकारी उपाय नै पोलियो खोप हो । यसबाट जोगिन बालबालिकालाई राष्ट्रिय खोप तालिका अनुसार पोलियोको नियमित खोप पूर्ण मात्रामा दिनुपर्छ।

यदि खोपको डोज छुटेमा खोपले राम्ररी काम गर्दैन र विभिन्न संक्रमणको जोखिम रहन्छ । त्यसैले पूर्ण खोपलाई अनिवार्य रुपमा लगाउनैपर्छ। यसबाट बच्न व्यक्तिगत सरसफाइ, स्वच्छ पानी र सफा खानेकुरामा विशेष ध्यान दिनुपर्छ । साभार अनलाइनखबर डटकम

## सक्रिय.................

तुलनामा मनसुनी गतिविधि केही सक्रिय हुने सम्भावना छ। गत १२ घण्टामा पनि बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा वर्षा भएको छ । सिन्धुपाल्चोक र लम्जुङमा अति भारी वर्षा भएको छ। गत १२ घण्टाको अवधिमा सिन्धुपाल्चोकको मानेखर्कमा १४१.६ र ढुंगेमा ११७ मिलिमिटर वर्षा मापन भएको छ। यसैगरी लम्जुङको बेसिंशहरमा १०२.४ र खुदीबजारमा १००.३ मिलिमिटर वर्षा मापन भएको छ। आज राति कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

सोमबार राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका एक–दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। मंगलबार राति भने कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले आज बिहान जारी गरेको बुलेटिनमा उल्लेख छ। साभार अनलाइनखबर डटकम

## काठमाडौंमा.........

बेलाबखतमा संगीतकर्मीलाई पर्ने अप्ठ्यारोका विषयमा दीर्घकालीन समाधानको उपाय खोज्नुपर्ने उनले बताए।

'जीवन नै गीत–संगीतमा समर्पित गरेर एउटा विधालाई नयाँपुस्तासम्म ल्याउन मद्दत गर्ने सम्पूर्ण अग्रजका बारेमा सम्बन्धित निकायले पनि सोच्नुपर्छ। गुरुदेवजस्तो सर्जकको अवस्थाले हामीलाई उत्साहित गर्न सक्दैन,' उनले भने, 'त्यसैले हामीले पनि केही छ भन्ने अवस्था हुनुपर्छ।' साभार अनलाइनखबर डटकम

## दिल्लीमा...............

आपराधिक मामिलामा मुद्दा दायर गरेर थप अनुसन्धान सुरु गरिसकेको छ। दुई जना प्रहरी हिरासतमा छन्।

गएराति भारतको राजधानी नयाँदिल्लीसहित महाराष्ट्र, उत्तर प्रदेश, उत्तराखण्ड, हिमाचल प्रदेश लगायतका जिल्लाहरुमा भारी वर्षा भएको थियो। वर्षासँगको बाढी र पहिरोबाट दर्जनौंको मृत्यु भएको र जनजीवन प्रभावित भएको भारतीय मिडियाहरुले उल्लेख गरेका छन् । साभार अनलाइनखबर डटकम

## सरकारलाई........

शर्माको पहिलो प्रश्शन छ।

आइतबार प्रतिनिधि सभामा विशेष समय लिएर कांग्रेस सांसदसमेत रहेका शर्माले सम्बन्धित मन्त्रीले आफूमाथि लागेको आरोपका सम्बन्धमा प्रष्ट पार्नुपर्ने बताएका छन्।

उनी भन्छन्, 'उहाँसँगै गाँसिएको एउटा सामाजिक संस्थाका सम्बन्धमा मैले व्यक्तिगत रुपमा पनि उहाँको ध्यानाकर्षण गराएको छु। म यो संसदको गरिमामय थलोबाट पनि ध्यानाकर्षण गराउन चाहन्छु। यहाँले यसलाई क्लियर गर्नेतर्फ लाग्नुपर्छ।'

स्वार्थ बाझिने व्यक्तिलाई मन्त्री बनाएर सरकारले ठिक नगरेको उनको टिप्पणी छ । नेताहरूका अनुसार कांग्रेसका महामन्त्री थापाले संकेत गरेको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्कालाई हो।

व्यवसायी समेत रहेका कांग्रेस सांसद खड्काको जलविद्युत् आयोजनाहरूमा लगानी छ । केही आयोजनाले बाढीले क्षति पुगेको भनेर सरकारसँग क्षतिपूर्ति माग गरिरहेका बेला खड्का मन्त्री भएका हुन्।

१२० मेगावाटको रसुवा–भोटेकोशी जलविद्युत् परियोजनाको प्रवर्द्धक रहेका खड्का माथिल्लो पिलुवा खोला जलविद्युत् आयोजनाका पनि लगानीकर्ता हुन् । साथै मन्त्री खड्कामाथि लैनचौरस्थित नेपाल स्काउटको जग्गा अपचलन गरेको आरोपसमेत लाग्दै आएको छ।

शर्माले उठाएको दोस्रो प्रश्न हो– लुम्बिनी प्रदेश सरकार गठन र मन्त्रिपरिषदमा रहेका सदस्यको विवादित विषय । 'लुम्बिनीमा हामी दुवै दल –कांग्रेस र एमाले)ले संघीयताको मर्मलाई जति हेक्का राख्नु पर्दथ्यो त्यो राख्न नसकेको सन्दर्भमा प्रश्न उठेको छ । यसले परिणाममा होइन, दुष्परिणाममा आगामी दिनमा पुर्‍याउन सक्छ है भनेर हामी सजग बन्नुपर्छ,' महामन्त्री शर्माले भने।

एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यको नेतृत्वमा गठित सरकारमा मन्त्री छनोट गर्दा पार्टीको प्रदेश कमिटीको नभएर केन्द्रीय नेताहरूको आग्रह लागू भएको भनेर कांग्रेस र एमाले दुवै दलभित्र प्रश्न उठेको थियो।

यही विषयलाई संकेत गर्दै शर्माले केन्द्रीय नेताको आग्रह अनुसार प्रदेश सरकारमा मन्त्री छनोट गर्ने प्रवृतिले दुष्परिणाममा पुर्‍याउन सक्नेतर्फ सजग हुनुपर्ने बताएका हुन्।

लुम्बिनी प्रदेश सरकारमा मन्त्री भएकामाथि समेत महामन्त्री शर्माको तेस्रो प्रश्न छ । 'लुम्बिनीमा एक जना मन्त्रीमाथि अनुसन्धानको प्रश्न थियो। उहाँ मन्त्री बनुभयो, बनाइनुभयो' महामन्त्री शर्माले भने, 'आज मैले संसदमा उभिँदै गर्दा आफनो दलसँग गाँसिएको होस् वा अरु दलसँग गाँसिएको होस् । वस्तुगत तथ्यलाई, चित्रलाई राखेर जानुपर्छ ।' लुम्बिनी प्रदेशमा कांग्रेसले बादशाह कुर्मीलाई मन्त्री बनाएको छ । कुर्मीविरुद्ध नेपालगन्ज–१७ परस्पुरकी निर्मला कुर्मीको शंकास्पद मृत्यु प्रकरणमा संलग्न रहेको आरोप लाग्दै आएको छ । राजनीतिक आडमा बादशाहमाथि अनुसन्धान नभएको भन्दै २०७८ असोजमा बाँकेका १४ जना अधिकारकर्मीले काठमाडौंसम्म तीन साता पैदल यात्रा गरेका थिए । उनीहरूको धर्नापछि गृह मन्त्रालयले सहसचिव हिरालाल रेग्मीको नेतृत्वमा छनबिन समिति गठन गरेको थियो। उक्त समितिले अनुसन्धान सकेर २०७८ कात्तिक १४ मा बादशाहसहित आठ जनामाथि अनुसन्धान गर्नुपर्ने सिफारिस सहितको प्रतिवेदन तत्कालीन गृहमन्त्री बालकृष्ण खाणलाई बुझाएको थियो। त्यसकै आधारमा स्थानीयले प्रहरी कार्यालयमा जाहेरी दिएका थिए । साभार अनलाइनखबर डटकम

## श्रीसिंया..............

महानगरपालिकाको यस कदमको स्वागत गर्दै यसलाई थप बलियो र स्थायी समाधानका लागि मार्गप्रशस्त गराउनुपर्ने धारणा व्यक्त गरेका छन्।

वीरगञ्ज महानगरपालिकाले यस घटनाबाट सबै उद्योगहरूलाई पाठ सिक्न आग्रह गर्दै वातावरणीय जिम्मेवारी र नागरिक स्वास्थ्यप्रति संवेदनशील बन्न आह्वान गरेको छ । यस प्रकारको कठोर कारवाहीले नगरपालिकाको वातावरणीय सुरक्षा र सुधारको प्रतिवद्धतालाई अझै मजबुत बनाउने विश्वास गरिएको छ।

## सप्ताहिक राशिफल

मेष : रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्नेछ।

वृष : उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

मिथुन : बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ।

कर्कट : प्रेम र मित्रताको बन्धन कसिनेछ।

सिंह : परिवारजनको साथले उत्साह जगाउनेछ।

कन्या : अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।

तुला : ब्यापार र पेसामा राम्रै फाइदा हुनेछ।

वृश्चिक : आफन्तसँग सुमधुर सम्बन्धका लागि ब्यवहारमा ध्यान पुऱ्याउनुहोला।

धनु : आलस्य गर्नाले काममा विलम्ब हुन सक्छ।

मकर : अरुको भरपर्दा लाभ उठाउन नसकिएला।

कुम्भ : प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ।

मिन : स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

# गोरखामा आत्महत्या भनी गाडिएको शव प्रहरीले ७ दिनपछि निकाल्यो



**गोरखा ।** आत्महत्याबाट मृत्यु भएको भन्दै दाहसंस्कार गरी जमिनमा गाडिएको एक महिलाको शव प्रहरीले उत्खनन गरेको छ। बारपाक सुलिकोट गाउँपालिका-४ भण्डारी गाउँका ४६ बर्षीय मारज गुरुङकी श्रीमती रनमाया गुरुङको शव गाडिएको स्थानबाट उत्खनन गरी बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

आत्महत्या गरेको भनिए पनि घटना शंकास्पद देखिएकाले शव उत्खनन गरि पोष्टमार्टमका लागि फरेन्सिक मेडिसिन विभाग महाराजगंज काठमाडौं पठाइएको प्रहरी नायव उपरीक्षक रमेशकुमार श्रेष्ठले बताए ।

'४५ बर्षीया ती महिलाको यही साउन ४ गते झुण्डिएर मृत्यु भएको भनेर भोलिपल्ट जातीय परम्परा अनुसार शव जमिनमा गाडी सदगत गरेछन्', उनले भने, 'घटना शंकास्पद लागेर मृतक महिलाका दाजु सुकपाल गुरुङले छानबिन गरिपाउँ भनी यही साउन १० गते प्रहरीमा निवेदन दिएपछि अनुसन्धानका लागि शव बरामद गरेका हौं ।' माइती पक्षको निवेदनको आधारमा साउन ११ गते शुक्रबार इलाका प्रहरी कार्यालय जौवारी, जिल्ला प्रहरी कार्यालय र गोरखा अस्पतालका बिशेषज्ञ चिकित्सक समेतको टोली घटनास्थल पुगेको र गाडेको स्थानबाट शव उत्खनन गरी ल्याएको उनले जनाकारी दिए ।

शव गाड्नुअघि खिचेको तस्वीरमा महिलाको शरीरमा चोटपटकको दाग देखेपछि माइती पक्षले प्रहरीकोमा निवेदन दिएको डीएसपी श्रेष्ठले बताए ।

'शव गाड्ने बेला माइती पक्ष टाढा भएर आउन पाएनछन्, दाह संस्कारको बेला फोटो खिचिएको रहेछ, फोटो हेर्दा शरीरमा चोटपटकको दाग जस्तो देखेपछि शंका लागेर ती महिलाका दाइले हाम्रो कार्यालयमा निवेदन दिए', उनले भने ।

पोष्टमार्टमको रिपोर्ट आएपछि थप कुरा खुल्ने बताउँदै डीएसपी श्रेष्ठले घटनाबारे थप अनुसन्धान भइरहेको बताए । साभार अनलाइनखबर डटकम

# काठमाडौंमा उपचार गराउन नसक्दा गाउँ फर्किए गुरुदेव कामत



**काठमाडौं ।** गुरुदेव कामत नेपाली संगीत क्षेत्रमा एउटा सम्मानित नाम हो । उनी नेपाली संगीतको क्षेत्रमा गायक, संगीतकार तथा संगीत गुरुका रूपमा परिचित छन् । शास्त्रीय संगीत साधकका रूपमा लामो समय साधना गरेका गायक कामत केही समययता अस्वस्थ छन् ।

शास्त्रीय संगीतमा निकै श्रद्धाका साथ लिइने नाम गुरुदेव कामतको दुवै मिर्गौलामा समस्या देखिएको गत चैतमा पत्ता लागेको थियो । उपचारका लागि आर्थिक संकटको सामना गर्नुपरेपछि उनी सपरिवार आफ्नो जन्मथलो सिरहाको पोखरभिन्डा फर्किएको कवि मुकुन्द पौडेलले जानकारी दिए ।

'शास्त्रीय संगीतमा उच्च नाम बनाएका एउटा सर्जक यसरी घर फर्किनु ज्यादै दुःखद् छ । उहाँको मिर्गौलामा समस्या पहिलेदेखि भएपनि उपचारका क्रममा गत वर्ष फागुन-चैतमा मात्र पत्ता लागेको थियो । शास्त्रीय संगीतमा जीवन समर्पित गर्नुभएका साधकलाई हामीले यसै भुल्नु हुँदैन,' पौडेलले भने ।

कवि पौडेलले शास्त्रीय गायक कामतको दुवै मिर्गौलाले काम गर्न छाडेपछि डायलाइसिस गरिरहेको बताए । आर्थिक अभावकै कारण जन्मथलो फर्किएका कामतको उपचारमा सहयोग गर्न कवि पौडेलले पहल थालेका छन् ।

'उहाँका शुभेच्छुक केही व्यक्ति जम्मा भएर उहाँलाई गर्न सकिने सहयोगका विषयमा हालै छलफल गरेका छौं । उहाँका शिष्यसँगै शुभेच्छुकले सहयोग गर्नुभएमा उहाँको उपचार गर्न सकिन्छ भन्ने हाम्रो बुझाइ हो,' पौडेलले भने ।

शास्त्रीय गायक कामत नेपाल-भारत क्षेत्रमा प्रख्यात छन् । उनीसँग २०५५ सालदेखि नै सम्पर्कमा रहेका संगीतकार राजु सिंह पनि उपचार समस्याकै कारण घर फर्किनुलाई दुःखद् मान्छन् । उनले संगीतको एक साधकलाई जीवनको यो समयमा राज्यले पनि सहयोग गर्नुपर्ने बताए ।

'उहाँ शास्त्रीय संगीतमा जति पोख्त हुनहुन्छ, त्यति नै सरल र बुझ्ने गरी सिकाउने गुरू । उहाँसँग निजी कक्षा लिने र नियमित कक्षा लिने थुप्रै विद्यार्थी अहिले गीत-संगीतको चम्किला तारा बन्नुभएको छ । उहाँलाई हामी संगीतकर्मीसँगै सरोकारवाला निकायले सहयोग गर्न ढिलाइ गर्न हुँदैन,' संगीतकार सिंहले भने ।

'मलाई पनि केही स्वास्थ्य समस्या देखिएको थियो, त्यहीकारण उहाँलाई भेट्दा असर गर्छ भन्ने लगेर फोनमार्फत नै सम्पर्क गरें । म ठीक भएपछि भेट्छु भन्ने योजना बनाएको थिएँ । उहाँ घर फर्किनुभएको कुराले ज्यादै दुःखी बनाएको छ,' सिंहले अगाडि भने, 'जीवन नै शास्त्रीय संगीतमा समर्पण गरेर यहाँसम्म ल्याउन अहम् भूमिका खेल्ने सर्जकको यो अवस्थाले नयाँ पुस्तालाई पक्कै उत्साहित गर्दैन । त्यसैले राज्यले त्यस्ता सर्जकलाई उपचारमा सघाउनुपर्छ ।'

गुरुदेव कामत स्वभावले आत्मस्वाभिमानी भएकाले पनि सहयोगका लागि आग्रह नगरेर आफ्नो जन्मथलो फर्किएको हुनसक्ने संगीतकार सिंहको अनुमान छ ।

'हामीले शास्त्रीय गीत-संगीतको चर्चा गर्ने हो भने गुरुदेव विना सम्भव हुन्न, अपूरो हुन्छ,' संगीतकार सिंहले भने ।

गायक युवराज चौलागाईं २०६० सालताका गुरुदेवकहाँ पुगेका थिए । त्यहाँ औपचारिक रूपमा शिक्षा नलिए पनि उनले प्रेरणाको स्रोतका रूपमा उनलाई लिने गरेका छन् ।

'शास्त्रीय संगीतमा केही गर्छु भन्नेले उक्त समयमा पुग्ने एउटा ठाउँ नै गुरुदेव हुनुहुन्थ्यो । अहिले पनि उहाँको गीत-संगीतले हामीलाई शिक्षा दिइरहेको हुन्छ । संगीत सिकाउने सरल र सभ्य उहाँको शैलीले विद्यार्थीलाई आकर्षित गर्थ्यो । उहाँलाई सुन्न पाउँदा नै हामी धन्य हुन्छौं,' चौलागाईंले भने ।

उनले गुरुदेवजस्तो संगीत साधकलाई उपचारमा सघाउन आफूले पनि आग्रह गरिरहेको बताए ।

बाँकी ५ पृष्ठमा

# दाङमा ८७७ वटा व्यावसायिक फर्म बन्द

**घोराही ।** सञ्चालन खर्च धान्न नसकेर दाङमा गत आर्थिक वर्षमा ८७७ वटा व्यावसायिक फर्म बन्द भएका छन् । यद्यपि, व्यवसाय बन्द गर्ने र खोल्नेको संख्या समान छ ।

घरेलु तथा साना उद्योग कार्यालयमा उत्पादनमूलक, कृषि तथा वनजन्य, ऊर्जामूलक, खनिज जन्य, निर्माण उद्योग, सेवामूलक र सूचना तथा प्रविधिसम्बन्धी उद्योग दर्ता भएका छन् । नयाँ दर्ता गर्नेको संख्या र बन्द गराउनेको संख्या उस्तै रहेको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख सन्तोषकुमार सुवेदीले बताए । दर्ता भएका उद्योगमध्ये कृषि तथा वनजन्य बढी छन् ।

सञ्चालन घाटा भएपछि उद्योगको लगत कट्टा गर्नुपरेको व्यवसायीले बताएका छन्। यो अवधिमा चार सय ७१ वटा उद्योग बन्द भएका छन् । समीक्षा अवधिमा पाँच सय ९६ वटा फर्म दर्ता भएकामा पाँच सय ९२ वटा निजी र चारवटा साझेदारी फर्म छन् । एक हजार चार सय ५७ वटा फर्मको नवीकरण भएको छ भने दुई सय ९२ वटाले पुँजी वृद्धि गरेका छन् । एक वर्षमा पाँच सय १३ वटा उद्योग थपिएका छन् । थपिएका उद्योगमा पाँच सय ४८ जना नयाँ उद्यममा दत्तचित्त भएर लागेका छन्भने एक हजार पाँच सय ६२ जनाले रोजगारी प्राप्त गरेका घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ ।

एक हजार एक सय ५६ वटा उद्योगले नवीकरण भएका छन् । यो अवधिमा उत्पादनमूलक उद्योग ९८ वटा थपिएका छन् । कृषि तथा वनजन्य उद्योग दुई सय ३१ वटा थपिएका छन् । पर्यटन उद्योगतर्फ ६१ वटा थपिएका छन् । सेवामूलक उद्योगको एक सय २३ पुगेको छ । साभार अनलाइनखबर डटकम

# हाइकिङ गएकाहरूलाई लुटपाट गरेको आरोमा एक जना पक्राउ

**काठमाडौं ।** काठमाडौं उपत्यका वरपरका डाँडाहरूमा हाइकिङ गर्न गएका व्यक्तिहरूमाथि लुटपाट गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-७ घर भई कलंकी बस्दै आएका ५६ वर्षीय रामबहादुर लामा छन् । उनी हाइकिङ गर्नेमाथि लुटपाट गर्ने गिरोहका मुख्य नाइके रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता नवराज अधिकारीले बताए ।

दहचोकको कालुपाँडे विन्दावासिनी क्षेत्रमा खुकुरी देखाई लुटपाट गरेको अवस्थामा शनिबार उनलाई पक्राउ गरिएको एसपी अधिकारीले बताए । उनको साथबाट दुई थान खुकुरी र विभिन्न गरगहनासमेत बरामद भएको छ ।

लुटपाट गरेर नागार्जुनको हर्सनटार हुँदै कलंकीतर्फ आउँदै गरेको अवस्थामा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीसहित तीन जनाको समूह आए पनि बाँकी २ जना भने फरार भएका थिए ।

पक्राउ परेका लामाको साथवाट दुई थना खुकरी, सुनको बेरुवा औठी, सिक्री, रिङ, ब्रासलेटलगायतका गरी करिब ११ लाख बराबरको गरगहना बरामद भएका छन् । साथै १३ हजार ४ सय नगद पनि बरामद भएको छ ।

यो समूहले नागार्जुन र चम्पादेवी क्षेत्रमा हाइकिङ गर्न गएकाहरुमाथि लुटपाट गरेको आरोप छ । साभार अनलाइनखबर डटकम

# दिल्लीमा कोचिङ सेन्टरको बेसमेन्टमा भरिएको पानीमा डुबेर ३ विद्यार्थीको मृत्यु

**काठमाडौं ।** भारतको नयाँदिल्लीस्थित एक कोचिङ सेन्टरको बेसमेन्टमा वर्षाको पानी भरिँदा तीन जना विद्यार्थीको मृत्यु भएको छ ।

राजेन्द्रनगरस्थित राव आईएएस कोचिङ सेन्टरको बेसमेन्टमा भरिएको पानीमा डुबेर दुई छात्रा र एक छात्रको मृत्यु भएको हो ।

गएराति एक जनाको मृत्यु भएको र दुई जना बेपत्ता भएको समाचार सार्वजनिक भएको थियो । खोजीको क्रममा बेपत्ता भएका दुबैको शव फेला परेपछि मृतकको संख्या तीन पुगेको हो ।

स्थानीय समय अनुसार शनिबार बेलुकी सात बजे बेसमेन्टमा सात फिटसम्म पानी भरिएको र विद्यार्थीहरु फसेको जानकारी पाएपछि भारतको राष्ट्रिय विपद व्यवस्थापन बलको टोली खोज तथा उद्धारमा खटिएको थियो । बेसमेन्टमा भरिएको पानी पम्पसेटको सहायताले बाहिर निकालिएको छ ।

घटनाको विरोधमा विद्यार्थीहरुले प्रदर्शनसमेत गरेका थिए । लगत्तै दिल्ली सरकारले घटनाको अनुसन्धान गर्न र दोषीलाई कारबाही गर्न प्रहरी प्रशासनलाई निर्देशन दिएको थियो ।

भारतीय समाचार एजेन्सी एएनआईका अनुसार दिल्ली सरकारले कोचिङ सेन्टर सञ्चालकविरुद्ध

बाँकी ५ पृष्ठमा


## राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं

- स्थानीय श्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुंजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

स्वदेश तथा विदेशमा आफ्नो डकुमेन्ट तथा पार्सल पठाउनको लागि **साझा कुरियरलाई** सम्झनुहोस् । ठेगाना:- गुप्ता मार्केट आर्दशनगर सम्पर्क नं.:- ०५१-५२६८०९, मो.नं. ९८४४५४२६८५ DHL. ARAMEX, TNT, Feedex